# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - १

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल पुस २५ गते आइतवार

---

व्यवस्थापिका-संसदको नवौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आव्हान सम्बन्धी प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (१) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०६७ साल पौष २५ गते आइतवारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा व्यवस्थापिका-संसदको नवौं अधिवेशन आव्हान गरेको छु ।
>
> डा० रामवरण यादव<br>
> मिति :- २०६७/०९/१२ राष्ट्रपति

तदुपरान्त सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न २ मिनेट उठेर मौन धारण गऱ्यो ।

तत्पश्चात सम्माननीय सभामुखले सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सबै दलका मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालले मिति २०६७ असार १६ गते आफ्नो पदबाट राजीनामा दिनु भएपछि रिक्त हुन आएको प्रधानमन्त्री पदको निर्वाचनको प्रक्रियाद्वारा पूर्तिको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ (२) तथा संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ बमोजिम व्यवस्थापिका-संसदमा मिति २०६७ श्रावण ५ गते देखि प्रक्रिया आरम्भ भएको तथ्य माननीय सदस्यहरुमा विदितै छ । उक्त पदको लागि उम्मेदवारको प्रस्ताव दर्ता गर्न निर्धारित समयावधिभित्र मा० सदस्य श्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी माननीय सदस्य श्री बाबुराम भट्टराईले दर्ता गर्नु भएको प्रस्ताव -१, मा० सदस्य श्री रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी मा० सदस्य श्री शेरबहादुर देउवाले दर्ता गर्नु भएको प्रस्ताव -२ र मा० सदस्य श्री झलनाथ खनाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी माननीय सदस्य श्री माधवकुमार नेपालले दर्ता गर्नु भएको प्रस्ताव -३ गरी जम्मा ३ वटा प्रस्ताव प्राप्त भई मिति २०६७।४।५ गतेको व्यवस्थापिका-संसदको बैठकमा प्रस्तुत भएकोमा अघिल्ला दुईवटा प्रस्तावले संविधानको धारा ३८ को उपधारा (२) बमोजिम प्राप्त गर्नु पर्ने बहुमत प्राप्त गर्न नसकेका र मा० सदस्य श्री झलनाथ खनाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी माननीय सदस्य श्री माधवकुमार नेपालले दर्ता गर्नु भएको प्रस्ताव मिति २०६७।४।५ गतेको बैठकमा निर्णयार्थ प्रस्तुत गर्नु भन्दा अघि नै प्रस्तावकले फिर्ता लिनु भएकोले बाँकी रहेका दुईवटा प्रस्तावलाई संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (८) बमोजिम निरन्तर रुपमा पुन निर्णयार्थ प्रस्तुत गरिएकोमा सात पटक सम्म पुनः निर्णयार्थ प्रस्तुत गर्दा पनि दुवै प्रस्तावले संविधानको धारा ३८ को उपधारा (२) बमोजिम प्राप्त गर्नु पर्ने बहुमत प्राप्त गर्न नसकेको स्थितिमा मा० सदस्य श्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी माननीय सदस्य श्री बाबुराम भट्टराईले दर्ता गर्नु भएको प्रस्ताव छुट्टै प्रस्तावको माध्यमबाट मिति २०६७।६।१० गते सभाको अनुमति लिई प्रस्तावकले फिर्ता लिनु भएपछि मा० सदस्य श्री रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी मा० सदस्य श्री शेरबहादुर देउवाले दर्ता गर्नु भएको प्रस्ताव मात्र कायम रहन आएको स्थिति हो । उक्त प्रस्तावलाई निरन्तर रुपमा सोह्रौं पटकसम्म निर्णयार्थ प्रस्तुत गर्दा पनि उक्त प्रस्तावले संविधानको धारा ३८ को उपधारा (२) बमोजिम प्राप्त गर्नु पर्ने बहुमत प्राप्त गर्न नसकी उक्त प्रस्तावलाई सत्रौ पटक पुनः निर्णयार्थ प्रस्तुत गर्नको लागि व्यवस्थापिका-संसदको मिति २०६७।८।३ गतेको बैठकबाट मैले मिति २०६७।८।१६ गते दिनको ३:०० बजेका लागि व्यवस्थापिका-संसदको बैठक बस्ने गरी दिन र समय निर्धारण गरेको थिएं । यसरी प्रधानमन्त्री

निर्वाचनको प्रक्रिया व्यवस्थापिका-संसदमा विचाराधीन नै रहेको अवस्थामा मिति २०६७।८।३ गते राती ११:५५ बजेदेखि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (२) बमोजिम व्यवस्थापिका-संसदको चालु रहेको आठौ अधिवेशन अन्त भएकोले उक्त प्रक्रियालाई सम्पन्न गर्न नसकिएको स्थिति हाम्रो सामु रहेको छ ।

रिक्त रहेको प्रधानमन्त्री पद संविधानको धारा ३८ को उपधारा (२) बमोजिम निर्वाचनद्वारा पूर्ति गर्नु पर्ने व्यवस्थापिका-संसदको आधारभुत संवैधानिक दायित्व रहेको र उक्त दायित्वबाट व्यवस्थापिका-संसद कुनै पनि अवस्थामा अलग हुन सक्दैन । उक्त दायित्व पूरा गर्ने प्रक्रिया व्यवस्थापिका-संसदले प्रारम्भ गरिसकेको अवस्थामा विचाराधीन रहेको उक्त प्रक्रियालाई सम्पन्न गर्नु नै अहिलेको हाम्रो प्राथमिक कार्यसूची हुने कुरा स्वतः स्पष्ट नै छ । अतः आज मिति २०६७।९।२५ देखि व्यवस्थापिका-संसदको नवौ अधिवेशन प्रारम्भ भई सकेको सन्दर्भमा मिति २०६७।८।१६ गते पुनः निर्णयार्थ पेश गर्ने भनी निर्धारण गरिएको र व्यवस्थापिका-संसदको चालु रहेको आठौं अधिवेशन अन्त भई निर्णयार्थ राख्न नसकिएको मा० सदस्य श्री रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी माननीय सदस्य श्री शेरबहादुर देउवाले पेश गर्नु भएको प्रस्ताव सत्रौ पटक पुनः निर्णयार्थ पेश गर्नको लागि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन नियमावली, २०६५ को नियम ७ को उपनियम (८) बमोजिम यही २०६७ साल पौष २८ गते दिनको २:०० बजे व्यवस्थापिका-संसदको बैठक बस्ने गरी दिन र समय निर्धारण गरेको छु ।

मिति २०६७।९।८ गतेको व्यवस्थापिका-संसदको बैठकमा अब उप्रान्त कुनै पनि किसिमको प्रस्ताव निर्णयार्थ पेश हुने व्यवस्थापिका-संसदको बैठकमा माननीय सदस्यहरु संविधानसभा नियमावली, २०६५ को नियम १३२ बमोजिम अनुपस्थित हुनु पर्नाको अवधि र कारण उल्लेख गरी अग्रिम सूचना दिएर सभा वा सभामुखको स्वीकृति भएको अवस्थामा बाहेक अन्य अवस्थामा कुनै पनि माननीय सदस्य अनुपस्थित रहन वा मतदानमा मत दिन्न भनी तटस्थ रहन नपाउने निर्देश जारी भएको सबै माननीय सदस्यहरुलाई विदितै छ । आजको बैठकमा दिनको ४:२५ बजेको समयसम्म जम्मा २०० जना माननीय सदस्यहरु अनुपस्थित रहनु भएको तर उक्त निर्देश अनुरुप अनुपस्थित हुनु पर्नाको अवधि र कारण उल्लेख गरी अग्रिम सूचना दिएर सभा वा सभामुखको स्वीकृति लिएको अवस्था नहुँदा उक्त निर्देशको पालना गर्ने तर्फ सम्बन्धित माननीय सदस्य र संसदीय दलहरुको गम्भिर ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधानसभा एवं व्यवस्थापिका-संसद सदस्य श्री डम्बरबहादुर खड्काको असामयिक दुखद निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"व्यवस्थापिका-संसदको यो बैठक ने.क.पा. एमाले पार्टीका तर्फबाट संखुवासभा जिल्ला क्षेत्र नं. २ बाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार संविधानसभा एवं व्यवस्थापिका-संसद सदस्यमा निर्वाचित सदस्य श्री डम्बरबहादुर खड्काको यहि २०६७ साल पुस १० गते साँझ ९:०० बजे भक्तपुर जिल्लाको कौशलटारमा सवारी दुर्घटनामा परी उपचारको क्रममा सोही दिन ४५ वर्षको उमेरमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले स्वर्गीय डम्बरबहादुर खड्काको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६७ साउन २ गते आइतवार बसेको एकसय दुई औं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको एकसय तीन औं बैठक मिति २०६७ पुस २७ गते मंगलवार दिनको ३:०० बजे यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६७ साल पुस २८ गते बुधवार दिनको २:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - २

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल पुस २८ गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ७:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० श्री शेरबहादुर देउवाले मिति २०६७/०४/०५ गते प्रस्तुत गर्नुभएको "यस सभाका मा० सदस्य श्री रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसंचालन) नियमावली, २०६५ को नियम २२ बमोजिम प्रस्ताव फिर्ता लिने अनुमतिको लागि उक्त प्रस्तावलाई बैठक समक्ष प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त प्रस्तावलाई संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसंचालन) नियमावली, २०६५ को नियम २२ को उपनियम (१) बमोजिम बैठकको निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्य श्री शेरबहादुर देउवाले प्रस्तुत गर्नुभएको प्रस्ताव फिर्ता लिने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएकोले आजको दैनिक कार्यसूचीको क्रमसंख्या २ मा रहेको कार्यक्रम सूचीबाट स्वतः हटेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री निर्वाचनको जारी प्रक्रिया अन्तर्गत कायम रहेको मा० सदस्य श्री रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस भनी मा० सदस्य श्री शेरबहादुर देउवाले दर्ता गर्नु भएको एक मात्र प्रस्तावलाई सत्रौ पटक निर्णयार्थ प्रस्तुत गर्नको लागि आजको दिन तोकिएकोमा उक्त प्रस्तावका प्रस्तावक मा० सदस्य श्री शेरबहादुर देउवाले आफ्नो प्रस्ताव फिर्ता लिनु भएकोले मिति २०६७।४।५ मा प्रारम्भ भएको प्रधानमन्त्री निर्वाचनको प्रक्रिया आजैबाट अन्त भएको घोषणा गर्नुहुँदै अब नयाँ प्रक्रियाको प्रारम्भ गर्ने सम्बन्धमा कार्यव्यवस्था परामर्श समितिको परामर्श समेत लिई विद्यमान नियमावलीमा संशोधन गर्न वाञ्छनीय देखिएमा सो प्रक्रिया समेत सम्पन्न गरी संविधान र नियमावलीको आधारमा अबिलम्ब उपयुक्त व्यवस्था गरिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६७ साल पुस २९ गते विहिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ३

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल पुस २९ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० श्री नारायणकाजी श्रेष्ठले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम १६२ बमोजिम "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने निम्नलिखित मा० सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

(क) मा० श्री एकराज भण्डारी

(ख) मा० श्री राधेश्याम अधिकारी

(ग) मा० श्री अग्निप्रसाद खरेल

(घ) मा० श्री अनिलकुमार झा

(ङ) मा० श्री गायत्री साह

तदुपरान्त मा० श्री लक्ष्मणप्रसाद घिमिरे र मा० श्री भीमप्रसाद आचार्यले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०६७ साल माघ ३ गते सोमवार दिनको ३:३० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# संविधान सभा
## बैठक संख्या - १०४
### सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ ३ गते सोमवार

---

संविधानसभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्गको अध्यक्षतामा आज दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम संविधानसभा नियमावली संशोधन मस्यौदा समितिका सभापति मा० श्री पुष्पा भुषालले "संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७" सदन समक्ष पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मिति २०६७ साल पुस २९ गते विहिवार बसेको व्यवस्थापिका-संसदको बैठकबाट आज मिति २०६७ साल माघ ३ गते सोमवार दिनको ३:३० बजेको लागि निर्धारण गरिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश मिति २०६७ साल माघ ४ गते मंगलवार दिनको २:३० बजे बस्ने गरी स्थगित गरिएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर संविधानसभाको एकसय पाँचौं बैठक २०६७ साल माघ ४ गते मंगलवार दिनको १:०० बजे यसै स्थानमा बस्ने गरी आजको एकसय चारौं बैठक स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संविधानसभाको महासचिव

# संविधान सभा
## बैठक संख्या - १०५
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ ४ गते मंगलवार

---

संविधानसभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्गको अध्यक्षतामा आज दिनको १:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम संविधानसभा नियमावली संशोधन मस्यौदा समितिका सभापति मा० श्री पुष्पा भुसालले "संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय अध्यक्षले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त "संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय अध्यक्षले "संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७" मा उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ को क्रमसंख्या २ र ३ मा उल्लेखित संशोधन "संविधानसभा नियमावली, २०६५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय अध्यक्षले संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ मा उल्लेखित संक्षिप्त नाम र प्रारम्भ पढेर सुनाउनु हुँदै उक्त संक्षिप्त नाम र प्रारम्भ "संविधानसभा नियमावली, २०६५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त संविधानसभा नियमावली संशोधन मस्यौदा समितिका सभापति मा० श्री पुष्पा भुसालले "संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय अध्यक्षले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले मिति २०६७ साल माघ ३ गते सोमवार बसेको संविधानसभाको बैठकबाट आज मिति २०६७ साल माघ ४ गते मंगलवार दिनको २:३० बजे बस्नेगरी जानकारी गराइएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश मिति २०६७ साल माघ ५ गते बुधवार दिनको ३:०० बजे बस्ने गरी तोकिएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संविधानसभाको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

### सूचनापत्र-१

२०६७ माघ ५ गते

बुधवार

मिति २०६७ साल माघ ४ गते मंगलवार बसेको संविधानसभाको १०५ औं बैठकबाट आज मिति २०६७ साल माघ ५ गते बुधवार दिनको ३:०० बजे बस्नेगरी निर्धारण गरिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवस बस्न नसक्ने भएकोले संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६७ साल माघ ७ गते शुक्रवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

### सूचनापत्र-१

२०६७ माघ ७ गते

शुक्रवार

मिति २०६७ साल माघ ५ गते बुधवार सूचनापत्र-१ प्रकाशित गरी मिति २०६७ साल माघ ७ गते शुक्रवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गरिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवस आज बस्न नसक्ने भएकोले संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६७ साल माघ १० गते सोमवार दिनको ३:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ४

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ १० गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२५ बजे प्रारम्भ भयो।

सर्वप्रथम संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिका सभापति मा० श्री एकराज भण्डारीले "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७" पेश गर्नुभयो।

तदुपरान्त सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६७ माघ ४ गते मंगलवार बसेको एकसय पाँचौं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको एकसय छ औं बैठक मिति २०६७ माघ १२ गते बुधवार दिनको ३:३० बजे यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो।

तदनन्तर बैठक २०६७ साल माघ ११ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ५

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ ११ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली पहिलो संशोधन मस्यौदा समितिका सभापति मा० श्री एकराज भण्डारीले “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त उक्त “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७” माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री चित्रबहादुर के.सी.
२. मा० श्री सुनिल प्रजापति
३. मा० श्री हृदयेश त्रिपाठी
४. मा० श्री प्रकाशचन्द्र लोहनी
५. मा० श्री आत्मारामप्रसाद साह
६. मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङजा)

तत्पश्चात “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिका सभापति मा० श्री एकराज भण्डारीले उक्त छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७” मा उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ को क्रमसंख्या २ देखि ६ सम्ममा उल्लेखित संशोधनहरु र अनुसूची (१क) “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ मा उल्लेखित संक्षिप्त नाम र प्रारम्भ पढेर सुनाउनु हुँदै “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिका सभापति मा० श्री एकराज भण्डारीले “संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर बैठक २०६७ साल माघ १३ गते विहिवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ १३ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट मिति २०६७ साल माघ १३ गते प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति डा० रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (१) बमोजिम संवत् २०६७ साल आषाढ २३ गते सम्ममा राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्रीको चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्नको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुलाई आव्हान गर्नुभएकोमा सहमतिका लागि थप समय आवश्यक परेको भनि राजनैतिक दलहरुले लिखित रुपमा माग गरे अनुरुप सहमतिका लागि २०६७ साल आषाढ २८ गतेसम्मको अवधि थप गर्नुभएकोमा सो थप अवधिसम्म पनि सहमतिका आधारमा प्रधानमन्त्रीको चयन हुन नसकेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) बमोजिम प्रकृया प्रारम्भ गर्न व्यवस्थापिका-संसदको हैसियतमा काम गर्ने संविधानसभा समक्ष सम्माननीय राष्ट्रपतिको सन्देश मिति २०६७।३।२८ मा पठाइएको ।

व्यवस्थापिका-संसदको २०६७ साल पौष २८ गते बुधवार बसेको बैठकको निर्णय अनुसार प्रधानमन्त्री निर्वाचित गरियोस् भनी व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भएका सवै प्रस्ताव फिर्ता भई प्रधानमन्त्री निर्वाचनको प्रकृया अन्त भएको भनि सम्माननीय राष्ट्रपति समक्ष व्यवस्थापिका-संसदका सम्माननीय सभामुखले सम्वत् २०६७ साल पौष २९ गते अवगत गराउनु भएको र व्यवस्थापिका-संसद सचिवालयबाट मिति २०६७।९।२९ को पत्रद्वारा पनि सोही व्यहोरा उल्लेख भई आएको हुंदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (१) बमोजिम सम्वत् २०६७ साल माघ ७ गते शुक्रवार सम्ममा राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्री चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठनको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुलाई सम्माननीय राष्ट्रपतिले पुनः आव्हान गर्नुभएकोमा संविधानसभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुले राजनैतिक सहमति कायम गरी प्रधानमन्त्री चयन र मन्त्रीपरिषद्को गठन गर्न सम्माननीय राष्ट्रपति समक्ष थप समय माग गरी मिति २०६७।१०।७ मा लिखित अनुरोध गरे अनुरुप सम्माननीय राष्ट्रपतिले मिति २०६७।१०।१२ गते बुधवारसम्म राजनैतिक सहमति कायम गरी प्रधानमन्त्रीको चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गर्नको लागि अवधि थप गर्नुभएकोमा सो थप अवधिभित्र पनि प्रधानमन्त्री चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुन नसकेको हुंदा सम्माननीय राष्ट्रपतिले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) बमोजिमको प्रकृया प्रारम्भ गर्न व्यवस्थापिका-संसदको हैसियतमा काम गर्ने संविधानसभालाई पुनः सन्देश पठाउने निर्णय गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

तदुपरान्त सम्माननीय सभामुखले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (२) बमोजिम प्रधानमन्त्री पदको निर्वाचन गर्न यहि २०६७ साल माघ २० गते विहिवारका दिन दिनको १:०० बजेको समय तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त नियमावली बमोजिम व्यवस्थापिका-संसदको महासचिव श्री मनोहरप्रसाद भट्टराईलाई प्रधानमन्त्रीको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न निर्देशन दिनुभयो ।

तदनन्तर बैठक २०६७ साल माघ २० गते विहिवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ७

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ २० गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (२) बमोजिम प्रधानमन्त्री पदको निर्वाचन कार्यक्रम अन्तर्गत उम्मेदवारीको सूचना पेश गर्ने समयावधि भित्र दर्ताक्रम अनुसार क्रमशः मा० सदस्य श्री झलनाथ खनाल, मा० सदस्य श्री रामचन्द्र पौडेल, मा० सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड' र मा० सदस्य श्री विजयकुमार गच्छदारले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (३) बमोजिम आफूलाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भनी दिनुभएको उम्मेदवारीको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भनी आफ्नो उम्मेदवारीको सूचना दिनुहुने मा० सदस्य श्री झलनाथ खनालले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम उक्त उम्मेदवारीको सूचना प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त उम्मेदवारीको सूचनाका प्रस्तावक मा० श्री भीमप्रसाद आचार्यले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम मा० सदस्य श्री झलनाथ खनाललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने उम्मेदवारीको सूचनाको समर्थन गर्नुभयो ।

त्यसपछि उक्त उम्मेदवारीको सूचनाका समर्थक मा० श्री रामचन्द्र झाले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम मा० सदस्य श्री झलनाथ खनाललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने उम्मेदवारीको सूचनाको समर्थन गर्नुभयो ।

तदुपरान्त नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भनी आफ्नो उम्मेदवारीको सूचना दिनुहुने मा० सदस्य श्री रामचन्द्र पौडेलले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम उक्त उम्मेदवारीको सूचना प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त उम्मेदवारीको सूचनाका प्रस्तावक मा० श्री प्रकाशमान सिंहले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम मा० सदस्य श्री रामचन्द्र पौडेललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने उम्मेदवारीको सूचनाको समर्थन गर्नुभयो ।

त्यसपछि उक्त उम्मेदवारीको सूचनाका समर्थक मा० श्री रामकृष्ण यादवले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम मा० सदस्य श्री रामचन्द्र पौडेललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने उम्मेदवारीको सूचनाको समर्थन गर्नुभयो ।

तदुपरान्त नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भनी आफ्नो उम्मेदवारीको सूचना दर्ता गर्नुभएका मा० सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम उक्त उम्मेदवारीको सूचना प्रस्तुत गर्न नचाहनुको कारणका वारेमा संक्षिप्त वक्तव्य दिनुहुँदै उम्मेदवारीको सूचना प्रस्तुत नगर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले नेपालको प्रधानमन्त्रीको पदमा निर्वाचित गरियोस् भनी उम्मेदवारीको सूचना दिनुहुने मा० सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम आफ्नो उम्मेदवारीको सूचना प्रस्तुत गर्न नचाहनु भएकोले उक्त उम्मेदवारीको सूचनामाथिको प्रक्रिया अगाडि बढाईरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भनी आफ्नो उम्मेदवारीको सूचना दिनुहुने मा० सदस्य श्री विजयकुमार गच्छदारले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम उक्त उम्मेदवारीको सूचना प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त उम्मेदवारीको सूचनाका प्रस्तावक मा० श्री लक्ष्मणलाल कर्णले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम मा० सदस्य श्री विजयकुमार गच्छदारलाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने उम्मेदवारीको सूचनाको समर्थन गर्नुभयो ।

तत्पश्चात उक्त उम्मेदवारीको सूचनाका समर्थक मा० श्री जितेन्द्रप्रसाद सोनारले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (४) बमोजिम मा० सदस्य श्री विजयकुमार गच्छदारलाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने उम्मेदवारीको सूचनाको समर्थन गर्नुभयो ।

त्यसपछि संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (६) बमोजिम मा० सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो उम्मेदवारीको सूचना प्रस्तुत गर्न नचाहनु भएकोले सो उम्मेदवारीको सूचना बाहेक कायम रहेका तीन वटै उम्मेदवारीका सूचनाहरु माथि भएको संक्षिप्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो ।

| | | | |
|---|---|---|---|
| १. | मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङजा) | ८. | मा० श्री विश्वेन्द्र पासवान |
| २. | मा० श्री परि थापा | ९. | मा० श्री बुद्धरत्न मानन्धर |
| ३. | मा० श्री प्रकाशचन्द्र लोहनी | १०. | मा० श्री लक्ष्मीलाल चौधरी |
| ४. | मा० श्री सुनिल प्रजापति | ११. | मा० श्री सरिता गिरी |
| ५. | मा० श्री यदुवंश झा | १२. | मा० श्री गायत्री साह |
| ६. | मा० श्री चित्रबहादुर के.सी. | १३. | मा० श्री बबन सिंह |
| ७. | मा० श्री चन्द्रप्रकाश मैनाली | १४. | मा० श्री रुकमिणी चौधरी |

यसैबीच मा० श्री सुनिल प्रजापतिले आफ्नो भनाई राखी सकेपछि कुनैपनि प्रस्तावको विपक्षमा रहन पाउने जनप्रतिनिधिहरुको हकलाई वञ्चित गरिएकोले यो प्रधानमन्त्रीको निर्वाचन प्रक्रिया हाम्रो दलले बहिष्कार गर्दछ भन्नुभएपछि ने.म.कि.पा. का सभामा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सभाकक्षबाट बाहिर निस्कनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले नेपालको प्रधानमन्त्रीको पदमा निर्वाचित गरियोस् भनी उम्मेदवारीको सूचना दिनुहुने मा० सदस्य श्री झलनाथ खनाललाई संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (६) बमोजिम आफ्नो उम्मेदवारीको सूचना फिर्ता लिन समय दिनुहुँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले उक्त उम्मेदवारीको सूचनालाई अन्य उम्मेदवारीको सूचनाहरुसँगै सामूहिक रुपमा निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले नेपालको प्रधानमन्त्रीको पदमा निर्वाचित गरियोस् भनी उम्मेदवारीको सूचना दिनुहुने मा० श्री रामचन्द्र पौडेललाई संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (६) बमोजिम आफ्नो उम्मेदवारीको सूचना फिर्ता लिन समय दिनुहुँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले उक्त उम्मेदवारीको सूचनालाई अन्य उम्मेदवारीको सूचनाहरुसँगै सामूहिक रुपमा निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले नेपालको प्रधानमन्त्रीको पदमा निर्वाचित गरियोस् भनी उम्मेदवारीको सूचना दिनुहुने मा० श्री विजयकुमार गच्छदारलाई संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (६) बमोजिम आफ्नो उम्मेदवारीको सूचना फिर्ता लिन समय दिनुहुँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले उक्त उम्मेदवारीको सूचनालाई अन्य उम्मेदवारीको सूचनाहरुसँगै सामूहिक रुपमा निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (६) बमोजिम नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भनी दर्ता भएका उम्मेदवारीका सूचनाहरु मध्ये मा० सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो उम्मेदवारीको सूचना प्रस्तुत गर्न नचाहनु भएकोले सो बाहेक कायम रहेका तीनवटै उम्मेदवारीका सूचनाहरुलाई एकै पटक सभा समक्ष निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा जानकारी गराउनु भयो । साथै उक्त उम्मेदवारीको सूचनाहरुलाई निर्णयार्थ प्रस्तुत गर्दा व्यवस्थापिका-संसदको तत्काल

कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमत आवश्यक पर्ने भएकोले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (७) बमोजिम विभाजन गरी मत संकलन गरिने व्यहोरा जानकारी गराउनु हुँदै मत विभाजन गर्दा अपनाइने प्रक्रियाका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात "मा० सदस्य श्री झलनाथ खनाल, मा० सदस्य श्री रामचन्द्र पौडेल र मा० सदस्य श्री विजयकुमार गच्छदारलाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाहरुमाथि मत विभाजन गरी मत संकलन गर्दा व्यवस्थापिका-संसदमा तत्काल उपस्थित भै मतदानमा सहभागी हुने मा० सदस्यहरुको जम्मा संख्या ५५७ रहेकोमा "मा० सदस्य श्री झलनाथ खनाललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा जम्मा ३६८ (तीनसय अठ्सट्ठी) मत, "मा० सदस्य श्री रामचन्द्र पौडेललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा जम्मा १२२ (एकसय बाइस) मत र "मा० सदस्य श्री विजयकुमार गच्छदारलाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा जम्मा ६७ (सत्सट्ठी) मत परेकोले सम्माननीय सभामुखले "यस सभाका मा० सदस्य श्री झलनाथ खनाललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्या ५९८ (पाँचसय अन्ठान्नब्बे) को बहुमत भएकोले यस सभाका मा० सदस्य श्री झलनाथ खनाल नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) बमोजिम नेपालको प्रधानमन्त्री पदमा निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

*"यस सभाका मा० सदस्य श्री झलनाथ खनाललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-*

१. मा० श्री अकलबहादुर थिङ
२. मा० श्री अग्निप्रसाद सापकोटा
३. मा० श्री अग्नीप्रसाद खरेल
४. मा० श्री अबुल कलाम आजाद
५. मा० श्री अमरवहादुर गुरुङ्ग तमु
६. मा० श्री अमिक शेरचन
७. मा० श्री अमिलाल झागड
८. मा० श्री अमृता थापा मगर
९. मा० श्री अशोककुमार रोकायाक्षेत्री
१०. मा० श्री आङदावा शेर्पा
११. मा० श्री इन्द्रजित राई
१२. मा० श्री इन्द्रजीत थारु
१३. मा० श्री इन्द्रमती यादव
१४. मा० श्री इन्द्रमायाँ गुरुङ्ग
१५. मा० श्री इन्द्रावती अधिकारी (दनुवार)
१६. मा० श्री इसलाममिया धोवी
१७. मा० श्री ईश्वरीप्रसाद दाहाल
१८. मा० श्री उमा कार्की विष्ट
१९. मा० श्री उमाकान्त शर्मा
२०. मा० श्री उमा गोठे (कपाली)
२१. मा० श्री उमा भुजेल
२२. मा० श्री उर्मिला देवी साह
२३. मा० श्री उषाकला राई
२४. मा० श्री एकराज भण्डारी
२५. मा० श्री ओनसरी घर्ति मगर
२६. मा० श्री कर्णजीत बुढाथोकी
२७. मा० श्री कमला रोक्का
२८. मा० श्री कमला शर्मा
२९. मा० श्री कल्पनादेवी सुवेदी
३०. मा० श्री कल्पना धमला
३१. मा० श्री कल्पना राणा
३२. मा० श्री कालीबहादुर मल्ल
३३. मा० श्री किरणकुमार राई
३४. मा० श्री किरणकुमारी (राय)
३५. मा० श्री किरण गुरुङ
३६. मा० श्री कुबेर बहादुर वली
३७. मा० श्री कुमारी मुक्तान
३८. मा० श्री कुलप्रसाद नेपाल
३९. मा० श्री केशवप्रसाद नेपाल
४०. मा० श्री केशवप्रसाद मैनाली
४१. मा० श्री केशव राई
४२. मा० श्री कृष्णकुमार चौधरी
४३. मा० श्री कृष्णप्रसाद सापकोटा
४४. मा० श्री कृष्ण वहादुर गुरुङ
४५. मा० श्री कृष्णबहादुर महरा
४६. मा० श्री खडगबहादुर विश्वकर्मा
४७. मा० श्री खिमलाल देवकोटा
४८. मा० श्री खुमा सुवेदी
४९. मा० श्री खुसिराम पाखीन
५०. मा० श्री खेमबहादुर बम
५१. मा० श्री गणेशप्रसाद थारु
५२. मा० श्री गमबहादुर श्रीस मगर
५३. मा० श्री गायत्री साह
५४. मा० श्री गिरीराजमणी पोखेल
५५. मा० श्री गीता ठगुन्ना
५६. मा० श्री गुणाखर वस्याल
५७. मा० श्री गोपाल किराँती
५८. मा० श्री गोपाल ठाकुर
५९. मा० श्री गोपालसिंह बोहरा
६०. मा० श्री गोपीवहादुर सार्की (अछामी)
६१. मा० श्री गोमा पाठक
६२. मा० श्री गोविन्द नेपाली
६३. मा० श्री गोविन्द पौडेल
६४. मा० श्री गोविन्दराम प्रजा
६५. मा० श्री गंगा पराजुली
६६. मा० श्री घनश्याम यादव अहिर
६७. मा० श्री चन्दा देवी
६८. मा० श्री चन्द्रदेव जोशी

६९. माo श्री चन्द्रप्रकाश मैनाली
७०. माo श्री चन्द्रप्रसाद गजुरेल
७१. माo श्री चन्द्रबहादुर गुरुङ्ग (मुस्ताङ)
७२. माo श्री चन्द्रबहादुर थापा
७३. माo श्री चन्द्रलाल मेचे
७४. माo श्री चिनक कुर्मी
७५. माo श्री चिरञ्जीवि राम थारु
७६. माo श्री चित्रबहादुर के.सी.
७७. माo श्री चित्रबहादुर श्रेष्ठ
७८. माo श्री चुनबहादुर थामी
७९. माo श्री छविलाल विश्वकर्मा
८०. माo श्री छिमी लामा
८१. माo श्री छियामा राई
८२. माo श्री ज्वालाकुमारी साह
८३. माo श्री जनककुमारी चालिसे
८४. माo श्री जनार्दन शर्मा
८५. माo श्री जयपुरी घर्ती
८६. माo श्री जयराम दाहाल
८७. माo श्री जया घिमिरे
८८. माo श्री जुनकुमारी रोका (ओली)
८९. माo श्री जुब्बा सोरेन
९०. माo श्री जुलीकुमारी महतो
९१. माo श्री जोखबहादुर महरा
९२. माo श्री जोगीलाल यादव
९३. माo श्री झक्कुप्रसाद सुवेदी
९४. माo श्री झलनाथ खनाल
९५. माo श्री टसी ल्हाङमो गुरुङसेनी
९६. माo श्री टेकबहादुर बस्नेत
९७. माo श्री टेकेन्द्रप्रसाद भट्ट
९८. माo श्री टोपवहादुर रायमाझी
९९. माo श्री डबलबहादुर शाह
१००. माo श्री डम्वरध्वज तुम्वाहाम्फे
१०१. माo श्री डम्वर सिं सम्वाहाम्फे
१०२. माo श्री डिल्लीमान तामाङ
१०३. माo श्री डोल्मा तामाङ
१०४. माo श्री ताराकुमारी घर्ती
१०५. माo श्री तारानारायण श्रेष्ठ
१०६. माo श्री तिलक परियार
१०७. माo श्री तिलकबहादुर थापा मगर
१०८. माo श्री तुलबहादुर माझी
१०९. माo श्री तेजबहादुर मिजार
११०. माo श्री थममाया थापामगर
१११. माo श्री दलबहादुर राना
११२. माo श्री दलबहादुर सुनार
११३. माo श्री दामाकुमारी शर्मा
११४. माo श्री दावा तामाङ
११५. माo श्री दिनानाथ शर्मा
११६. माo श्री दिपक कार्की
११७. माo श्री दिपकबहादुर के.सी.
११८. माo श्री दिलबहादुर घिसिङ
११९. माo श्री दिलिप महर्जन
१२०. माo श्री दुर्गाकुमारी वि.क.
१२१. माo श्री दुर्गाजयन्ती राई
१२२. माo श्री दुर्गा परियार
१२३. माo श्री दुर्गा लिंखा
१२४. माo श्री दुर्गीदेवी (पासवान)
१२५. माo श्री देवप्रसाद गुरुङ्ग
१२६. माo श्री देविलाल थापा
१२७. माo श्री देवी खड्का
१२८. माo श्री देवीलाल चौधरी
१२९. माo श्री देवेन्द्रप्रसाद पटेल
१३०. माo श्री धर्मप्रसाद घिमिरे
१३१. माo श्री धर्मराज निरौला
१३२. माo श्री धर्मराज वि.क.
१३३. माo श्री धर्मशिला चापागाईं
१३४. माo श्री धिरेन्द्रबहादुर श्रेष्ठ
१३५. माo श्री धिरेन्द्राकुमारी उपाध्याय
१३६. माo श्री ध्रुव आङदम्बे
१३७. माo श्री नगेन्द्रवहादुर धिमाल
१३८. माo श्री नजिर मिया
१३९. माo श्री नन्दकुमार प्रसाई
१४०. माo श्री नरबहादुर विष्ट
१४१. माo श्री नरेन्द्रबहादुर कुँवर
१४२. माo श्री नरेश भण्डारी
१४३. माo श्री नवराज धामी
१४४. माo श्री नारदमुनी राना
१४५. माo श्री नारायणकाजी श्रेष्ठ
१४६. माo श्री नारायणप्रसाद अधिकारी
१४७. माo श्री नारायणप्रसाद दाहाल
१४८. माo श्री नारायणप्रसाद पौडेल
१४९. माo श्री नारायणी देवी घिमिरे अर्याल
१५०. माo श्री निमा लामा
१५१. माo श्री निलम के.सी. (खड्का)
१५२. माo श्री नीरकुमारी कुंवर
१५३. माo श्री नेत्रप्रसाद पन्थी
१५४. माo श्री पट्टु थारु
१५५. माo श्री पदमबहादुर राई
१५६. माo श्री पदमलाल विश्वकर्मा
१५७. माo श्री पद्मा कुमारी अर्याल
१५८. माo श्री पम्फा भुसाल
१५९. माo श्री परशुराम रम्तेल
१६०. माo श्री परि थापा
१६१. माo श्री पार्वती थापा (श्रेष्ठ)
१६२. माo श्री पार्वती महतो (कुमाल)
१६३. माo श्री पार्वती रसाइली
१६४. माo श्री पासाङ्ग शेर्पा (ताप्लेजुङ्ग)
१६५. माo श्री पुजा खनाल
१६६. माo श्री पुरन राना थारु
१६७. माo श्री पुरनसिंह दयाल
१६८. माo श्री पुष्पकमल दाहाल (प्रचण्ड)
१६९. माo श्री पुष्पविक्रम मल्ल
१७०. माo श्री पूर्णकुमारी सुवेदी
१७१. माo श्री पूर्णप्रसाद राई
१७२. माo श्री पूर्णप्रसाद राजवंशी
१७३. माo श्री पूर्णबहादुर राना
१७४. माo श्री पोष्टवहादुर वोगटी
१७५. माo श्री पृथ्वी सुब्बा गुरुङ्ग
१७६. माo श्री प्रकाश पाखिन
१७७. माo श्री प्रदीपकुमार ज्ञवाली
१७८. माo श्री प्रदुमनप्रसाद चौहान
१७९. माo श्री प्रभु साह तेली
१८०. माo श्री प्रमिलादेवी यादव
१८१. माo श्री प्रल्हाद लामिछाने
१८२. माo श्री प्रेमबहादुर तामाङ

१८३. माо श्री प्रेमबहादुर पुलामी
१८४. माо श्री फरमुद नदाफ
१८५. माо श्री बवन सिंह
१८६. माо श्री बर्षमान पुन मगर
१८७. माо श्री बाबुलाल पासवान
१८८. माо श्री बिन्दा पाण्डे
१८९. माо श्री बिना ज्ञवाली
१९०. माо श्री बिनोदकुमार चौधरी
१९१. माо श्री बिनोद पहाडी
१९२. माо श्री बिमला के.सी.
१९३. माо श्री बिमला मिजार
१९४. माо श्री बिरबहादुर तामाङ्ग
१९५. माо श्री बिरेन्द्र जुहारचन
१९६. माо श्री बिष्णुप्रसाद रिमाल
१९७. माо श्री बिष्णुमाया विश्वकर्मा
१९८. माо श्री बुधनीदेवि महतो
१९९. माо श्री बुद्धरत्न मानन्धर
२००. माо श्री बुद्धिराम गुरुङ
२०१. माо श्री भगतबहादुर वढुवाल
२०२. माо श्री भगवति चौधरी
२०३. माо श्री भक्तबहादुर शाह
२०४. माо श्री भरतकुमारी रेग्मी शर्मा
२०५. माо श्री भरत प्रसाद शाह
२०६. माо श्री भानुभक्त जोशी
२०७. माо श्री भिमप्रसाद आचार्य
२०८. माо श्री भिमप्रसाद गौतम
२०९. माо श्री भिष्म धिमाल
२१०. माо श्री भीमबहादुर रावल
२११. माо श्री भैरे कामी
२१२. माо श्री मणि (खम्बु) किराती
२१३. माо श्री महालक्ष्मी श्रेष्ठ
२१४. माо श्री महेन्द्र पासवान
२१५. माо श्री महेश चौधरी
२१६. माо श्री माधवकुमार नेपाल
२१७. माо श्री मानसिङ्ग राजवंशी
२१८. माо श्री माया चेपाङ
२१९. माо श्री मायाप्रसाद शर्मा
२२०. माо श्री मालवर सिंह थापा
२२१. माо श्री मीना पुन
२२२. माо श्री मुहमद रिजवान
२२३. माо श्री मोतिलाल दुगड
२२४. माо श्री मोहनबहादुर खत्री
२२५. माо श्री मोहमद सफिक मिया
२२६. माо श्री मंगल वि.क.
२२७. माо श्री मंगलसिद्धि मानन्धर
२२८. माо श्री यदुवंश झा
२२९. माо श्री यशोदा गुरुङ्ग (सुवेदी)
२३०. माо श्री यशोदादेवी अधिकारी
२३१. माо श्री यामलाल कंडेल
२३२. माо श्री युवराज कार्की
२३३. माо श्री रघुविर महासेठ
२३४. माо श्री रणध्वज लिम्बु
२३५. माо श्री रत्न गुरुङ्ग
२३६. माо श्री रविन्द्र प्रसाद अधिकारी
२३७. माо श्री रश्मिराज नेपाली
२३८. माо श्री राजकाजी गुरुङ
२३९. माо श्री राजकाजी महर्जन
२४०. माо श्री राजकुमार राई
२४१. माо श्री राजकुमार लिम्बु (नाल्वो)
२४२. माо श्री राजकुमार श्रेष्ठ
२४३. माо श्री राजबहादुर बुढा क्षेत्री
२४४. माо श्री राजेन्द्रकुमार खेतान
२४५. माо श्री राधववीर जोशी
२४६. माо श्री राधा ज्ञवाली
२४७. माо श्री राधादेवी तिमल्सेना
२४८. माо श्री रामकुमार पासवान
२४९. माо श्री रामकुमार यादव
२५०. माо श्री रामकुमार राई
२५१. माо श्री रामचन्द्र झा
२५२. माо श्री रामचन्द्र प्यासी कुसवाह
२५३. माо श्री रामचरण चौधरी (थारु)
२५४. माо श्री रामजीप्रसाद शर्मा
२५५. माо श्री रामनाथ ढकाल
२५६. माо श्री रामप्रित पासवान
२५७. माо श्री रामबहादुर थापा मगर (चितवन)
२५८. माо श्री रामबहादुर थापा मगर (उदयपुर)
२५९. माо श्री रामबहादुर बोहोरा
२६०. माо श्री रामरती राम
२६१. माо श्री रामशिला ठाकुर
२६२. माо श्री रीमाकुमारी नेपाली
२६३. माо श्री रुपा वि.क.
२६४. माо श्री रुपा सो.सी. चौधरी
२६५. माо श्री रेणु दाहाल
२६६. माо श्री रेणुका चौलागाईं
२६७. माо श्री रेनु चन्द (भट्ट)
२६८. माо श्री रोशन गाहा थापा
२६९. माо श्री ल्हारक्याल लामा
२७०. माо श्री लक्की शेर्पा
२७१. माо श्री ललिताकुमारी साह
२७२. माо श्री लक्ष्मण दत्त जोशी
२७३. माо श्री लक्ष्मी गुरुङ्ग
२७४. माо श्री लक्ष्मी कुमारी चौधरी
२७५. माо श्री लालबहादुर सुस्लिङ्ग मगर
२७६. माо श्री लालबाबु पण्डित
२७७. माо श्री लालमणी चौधरी
२७८. माо श्री लिलाकुमारी बगाले (सोमई)
२७९. माо श्री लिलाकुमारी भण्डारी
२८०. माо श्री लिलादेवी मेहता
२८१. माо श्री लेखराज भट्ट
२८२. माо श्री लोकेन्द्र विष्ट मगर
२८३. माо श्री वालकृष्ण ढुंगेल
२८४. माо श्री वावुराम भट्टराई
२८५. माо श्री विजयकुमार पौडेल
२८६. माо श्री विभाकुमारी कार्की
२८७. माо श्री विमला सुवेदी
२८८. माо श्री विश्वदिप लिङदेन लिम्वु
२८९. माо श्री विश्वभक्त दुलाल
२९०. माо श्री विषमलाल अधिकारी
२९१. माо श्री विष्णुकुमारी राई
२९२. माо श्री विष्णुप्रसाद चौधरी थारु
२९३. माо श्री विष्णुप्रसाद पौडेल
२९४. माо श्री वीरमान चौधरी
२९५. माо श्री श्यामसुन्दर गुप्ता
२९६. माо श्री शरद सिंह भण्डारी (अछाम)

२९७. माo श्री शत्रुधन महतो
२९८. माo श्री शान्ता चौधरी
२९९. माo श्री शान्ता न्यौपाने
३००. माo श्री शान्ति जिरेल
३०१. माo श्री शान्ति बस्नेत (अधिकारी)
३०२. माo श्री शान्तिदेवी चमार
३०३. माo श्री शान्तिमाया तामाङ्ग
३०४. माo श्री शान्तीदेवी राजवंशी
३०५. माo श्री शारदा घिमिरे
३०६. माo श्री शारदा झा
३०७. माo श्री शारदा नेपाली
३०८. माo श्री शारदादेवी कुमाल
३०९. माo श्री शालिकराम जम्कटेल
३१०. माo श्री शिवचन्द्र प्रसाद कुशवाहा
३११. माo श्री शिवराज गौतम
३१२. माo श्री शिवराम यादव
३१३. माo श्री शुषमा शर्मा घिमिरे
३१४. माo श्री शुसिला कन्दङवा
३१५. माo श्री शेरबहादुर कुवर
३१६. माo श्री शेरबहादुर पहरी
३१७. माo श्री शंकर पोखरेल
३१८. माo श्री शंकरबहादुर खड्का
३१९. माo श्री सकुन्तला लेप्चा
३२०. माo श्री सत्य पहाडी
३२१. माo श्री सत्यलाल मुल
३२२. माo श्री सन्चपाल मादेन
३२३. माo श्री सन्तकुमार थारु
३२४. माo श्री सन्तबहादुर नेपाली
३२५. माo श्री सन्तमाया तामाङ
३२६. माo श्री सन्तोष कुमार बुढामगर
३२७. माo श्री सन्तोष थारु
३२८. माo श्री सन्तोषी वि.क.
३२९. माo श्री सपना प्रधान मल्ल
३३०. माo श्री सरला यादव
३३१. माo श्री सरला रेग्मी
३३२. माo श्री समिता कार्की
३३३. माo श्री सरिता गिरी
३३४. माo श्री सविना बराम
३३५. माo श्री सावित्रा गुरुङ्ग दुरा
३३६. माo श्री सावित्रा भुसाल
३३७. माo श्री सावित्रीकुमार काफ्ले
३३८. माo श्री सिताकुमारी पौडेल
३३९. माo श्री सिद्धार्थ कुमार सोमानी
३४०. माo श्री सीतादेबी बौडेल
३४१. माo श्री सीता पोखरेल
३४२. माo श्री सुकदैया चौधरी (थारु)
३४३. माo श्री सुदन राई
३४४. माo श्री सुदर्शन बराल
३४५. माo श्री सुन्दरा थारु
३४६. माo श्री सुनीता कुमारी महतो
३४७. माo श्री सुनीलबाबु पन्त
३४८. माo श्री सुरेशकुमार आलेमगर
३४९. माo श्री सुरेन्द्र पाण्डे
३५०. माo श्री सूर्यबहादुर सेन
३५१. माo श्री सूर्यमान दोङ तामाङ्ग
३५२. माo श्री सोनाम छेजुङ्ग लामा
३५३. माo श्री संघप्रसाद थारु
३५४. माo श्री हर्कबहादुर सिंह
३५५. माo श्री हरिराज लिम्बु
३५६. माo श्री हरि रोक्का
३५७. माo श्री हरिलाल थापा मगर
३५८. माo श्री हरिश ठकुल्ला (कमल क्षेत्री)
३५९. माo श्री हरीराम सिपाइली
३६०. माo श्री हलिना खातुन सोखिन
३६१. माo श्री हसिना मियाँ
३६२. माo श्री हितमान शाक्य
३६३. माo श्री हिमकुमारी सुनार
३६४. माo श्री हिसिला यमी (भट्टराई)
३६५. माo श्री हेमबहादुर श्रेष्ठ
३६६. माo श्री हेमराज भण्डारी
३६७. माo श्री श्रीराम ढकाल
३६८. माo श्री ज्ञानेन्द्र कुमाल

*"यस सभाका माo सदस्य श्री रामचन्द्र पौडेललाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा मतदान गर्नुहुने माo सदस्यहरु :-*

१. माo श्री अच्युतराज पाण्डे
२. माo श्री अजयकुमार चौरसिया
३. माo श्री अजयकुमार द्विवेदी
४. माo श्री अर्जुनप्रसाद जोशी
५. माo श्री अर्जुन राई
६. माo श्री अम्बिका बस्नेत
७. माo श्री अमृतलाल राजवंशी
८. माo श्री अलाउदीन अन्सारी
९. माo श्री आमोदप्रसाद उपाध्याय
१०. माo श्री आरजु राणा देउवा
११. माo श्री इन्द्रबहादुर गुरुङ
१२. माo श्री इश्वरी न्यौपाने
१३. माo श्री उमाकान्त चौधरी
१४. माo श्री उमा रेग्मी
१५. माo श्री उर्मिला थापा
१६. माo श्री उषा गुरुङ्ग
१७. माo श्री ओमप्रकाश शर्मा
१८. माo श्री कमला थापा
१९. माo श्री कमला पन्त
२०. माo श्री कल्पना सोव
२१. माo श्री कल्याणी रिजाल
२२. माo श्री कविता कुमारी सरदार
२३. माo श्री किरण यादव
२४. माo श्री कुमार राई
२५. माo श्री कुलबहादुर गुरुङ
२६. माo श्री केशवकुमार बुढाथोकी
२७. माo श्री कृष्णकुमारी परियार
२८. माo श्री कृष्णप्रसाद यादव
२९. माo श्री कृष्णा अमात्य
३०. माo श्री कृष्णा ठाकुर
३१. माo श्री खड्गबहादुर बस्याल (सार्की)
३२. माo श्री गगन थापा
३३. माo श्री गणेशबहादुर खड्का
३४. माo श्री गोकर्ण राई
३५. माo श्री गोपालमान श्रेष्ठ
३६. माo श्री चक्रबहादुर ठकुरी

३७. मा० श्री चन्द्रीराम टमटा
३८. मा० श्री चलनबहादुर तामाङ्ग
३९. मा० श्री जगतबहादुर ताजपुरिया
४०. मा० श्री जगदिश्वर नरसिंह के.सी.
४१. मा० श्री जिपछिरिङ लामा शेर्पा
४२. मा० श्री जिवनप्रेम श्रेष्ठ
४३. मा० श्री टिकाराम सुब्बा लेप्चा
४४. मा० श्री तिर्थराम डंगोल
४५. मा० श्री तुलसी सुब्बा
४६. मा० श्री दालकुमारी सुनवार
४७. मा० श्री दिवाकर गोल्छा
४८. मा० श्री दीपकुमार उपाध्याय (लामिछाने)
४९. मा० श्री दुधकुमारी हमाल
५०. मा० श्री देवराज जोशी
५१. मा० श्री धनराज गुरुङ
५२. मा० श्री ध्यानगोविन्द रञ्जित
५३. मा० श्री नरबहादुर पुन
५४. मा० श्री नरहरि आचार्य
५५. मा० श्री नविन्द्रराज जोशी
५६. मा० श्री नवोदिता चौधरी
५७. मा० श्री नारायण खड्का
५८. मा० श्री निर्मला प्रसाई
५९. मा० श्री नीलाम्बर आचार्य
६०. मा० श्री पासाङ्ग शेर्पा (संखुवासभा)
६१. मा० श्री पुरुषोत्तम बस्नेत
६२. मा० श्री पुष्पा भुसाल
६३. मा० श्री पूर्णकुमार शेर्मा
६४. मा० श्री पूर्णबहादुर खड्का
६५. मा० श्री प्रकाशचन्द्र लोहनी
६६. मा० श्री प्रकाशमान सिंह
६७. मा० श्री प्रकाशशरण महत
६८. मा० श्री प्रदीप गिरी
६९. मा० श्री प्रमिला राई
७०. मा० श्री फुलमतीदेवी चौधरी
७१. मा० श्री बलदेव शर्मा मजगैयां
७२. मा० श्री बादशाह कुर्मी
७३. मा० श्री बालकृष्ण खांण
७४. मा० श्री बिना पौडेल
७५. मा० श्री बीरेन्द्र माझी
७६. मा० श्री भोटनीदेवी खवास
७७. मा० श्री मनमोहन भट्टराई
७८. मा० श्री महा नेपाली
७९. मा० श्री महालक्ष्मी अर्याल उपाध्याय
८०. मा० श्री महेन्द्रध्वज जि.सी.
८१. मा० श्री महेन्द्र यादव
८२. मा० श्री मानबहादुर महतो
८३. मा० श्री मिना पाण्डे
८४. मा० श्री मिनाक्षी झा
८५. मा० श्री मुन्नीकुमारी गुप्ता
८६. मा० श्री मो. अफताब आलम
८७. मा० श्री मोहनप्रसाद पाण्डेय
८८. मा० श्री मोहमद्दि सिद्दिकी
८९. मा० श्री रत्न शेरचन
९०. मा० श्री रमा गुरागाईं
९१. मा० श्री रमेश रिजाल
९२. मा० श्री रमेश लेखक
९३. मा० श्री राधेश्याम अधिकारी
९४. मा० श्री रामकृष्ण चित्रकार
९५. मा० श्री रामकृष्ण यादव
९६. मा० श्री रामचन्द्र पौडेल
९७. मा० श्री रामवती चौधरी
९८. मा० श्री रामशरण महत
९९. मा० श्री रामसरोज यादव
१००. मा० श्री रामेश्वरप्रसाद रौनियार
१०१. मा० श्री ललिता किङरीङ मगर
१०२. मा० श्री लक्ष्मणप्रसाद घिमिरे
१०३. मा० श्री लक्ष्मी परियार
१०४. मा० श्री लिला सुब्बा
१०५. मा० श्री लोकेन्द्रबहादुर चन्द
१०६. मा० श्री वविता देवी धोवी
१०७. मा० श्री विमला नेपाली
१०८. मा० श्री विमलेन्द्र निधि
१०९. मा० श्री शम्भु हजरा दुसाध
११०. मा० श्री शशांक कोइराला
१११. मा० श्री शिवचन्द्र मिश्र
११२. मा० डा० शेखर कोइराला
११३. मा० श्री शेरबहादुर देउवा
११४. मा० श्री शोभाकर पराजुली
११५. मा० श्री सरस्वती चौधरी
११६. मा० श्री सावित्री सिंह
११७. मा० श्री सिता गुरुङ
११८. मा० श्री सुनदेवी जोशी
११९. मा० श्री सुप्रभा घिमिरे
१२०. मा० श्री सूर्यमान गुरुङ
१२१. मा० श्री हर्षजित लामा
१२२. मा० श्री हीरा गुरुङ

*"यस सभाका मा० सदस्य श्री विजयकुमार गच्छदारलाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने उम्मेदवारीको सूचनाको पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-*

१. मा० श्री अनिलकुमार झा
२. मा० श्री अरविन्द साह
३. मा० श्री आशाकुमारी सरदार
४. मा० श्री ईश्वर दयाल मिश्र
५. मा० श्री उर्मिला महतो कोईरी
६. मा० श्री ओमप्रकाश यादव (रुपन्देही - ६)
७. मा० श्री करिमा वेगम
८. मा० श्री कलावती देवी दूसाध
९. मा० श्री कविन्द्रनाथ ठाकुर
१०. मा० श्री काशीदेवी झा
११. मा० श्री कुन्ती कुमारी शाही
१२. मा० श्री कौशलकुमार राय यादव
१३. मा० श्री खोभारी राय
१४. मा० श्री गणेश तिवारी नेपाली
१५. मा० श्री गोविन्द चौधरी
१६. मा० श्री गौरी महतो कोइरी
१७. मा० श्री चन्दन साह
१८. मा० श्री चन्द्रबहादुर गुरुङ (स्याङजा)
१९. मा० श्री जयप्रकाश यादव
२०. मा० श्री जितेन्द्रप्रसाद सोनार
२१. मा० श्री तिलकबहादुर रावल
२२. मा० श्री दानबहादुर कुर्मि (चौधरी)

२३. मा० श्री दुर्गादेवी महतो
२४. मा० श्री निलम वर्मा
२५. मा० श्री प्रमोदप्रसाद गुप्ता
२६. मा० श्री प्रेमबहादुर सिंह
२७. मा० श्री बबीना मोक्तान लावती
२८. मा० श्री बसन्ती झा
२९. मा० श्री भीमराज चौधरी राजवंशी
३०. मा० श्री भूपेन्द्र चौधरी
३१. मा० श्री महन्थ ठाकुर
३२. मा० श्री महेन्द्रप्रसाद यादव
३३. मा० श्री महेशप्रसाद यादव
३४. मा० श्री मालामती देवी राना
३५. मा० श्री मुगालाल महतो
३६. मा० श्री मुहम्मद वकील मुसलमान
३७. मा० श्री मृगेन्द्रकुमार सिंह यादव
३८. मा० श्री रमणी राम
३९. मा० श्री राजेन्द्र महतो
४०. मा० श्री रामचन्द्र राय अमात
४१. मा० श्री रामजनम चौधरी
४२. मा० श्री रामनरेश राय
४३. मा० श्री रामनारायण सिंह
४४. मा० श्री राम बच्चन अहिर (यादव)
४५. मा० श्री रामानन्द मण्डल
४६. मा० श्री रुकमिणी चौधरी
४७. मा० श्री ललिता साह
४८. मा० श्री लक्ष्मण महतो
४९. मा० श्री लक्ष्मणलाल कर्ण
५०. मा० श्री लक्ष्मीलाल चौधरी
५१. मा० श्री विजयकुमार गच्छदार
५२. मा० श्री विमलकुमार केडिया
५३. मा० श्री विश्वनाथ प्रसाद अग्रवाल
५४. मा० श्री विश्वेन्द्र पासवान
५५. मा० श्री शरत सिंह भण्डारी (महोत्तरी)
५६. मा० श्री शत्रुधनप्रसाद सिंह कोइरी
५७. मा० श्री शिवनारायण उराव
५८. मा० श्री शीला कतिला
५९. मा० श्री सदरुल मिया हक
६०. मा० श्री सलाहुद्दीन मुसलमान
६१. मा० श्री सरोजकुमार यादव
६२. मा० श्री सर्वदेवप्रसाद ओझा
६३. मा० श्री सुमित्रादेवी राय यादव
६४. मा० श्री सेवकीदेवी दास तत्मा
६५. मा० श्री संजयकुमार साह
६६. मा० श्री हेमराज तातेड
६७. मा० श्री हृदयेश त्रिपाठी

त्यसपछि सम्माननीय सभामुखले नवनिर्वाचित प्रधानमन्त्रीलाई बधाई एवं शुभकामना दिनुहुँदै गएको साउन ५ गतेदेखि प्रधानमन्त्री निर्वाचन प्रक्रिया शुरु भएर टुंगोमा पुग्न नसक्दा राजनैतिक जटिलता उत्पन्न हुन गएकोमा नवौं अधिवेशनमा आएर दलहरुको क्रियाशिलताले तत्काल परिणाम आएकोमा खुशी व्यक्त गर्दछु भन्नुहुँदै शान्ति प्रक्रिया, संविधान निर्माण र सहमतिको राजनीति अनुसार सरकार चलाउन नवनिर्वाचित प्रधानमन्त्रीलाई सफलता मिलोस् भन्नुभयो । साथै उहाँले मा० सदस्य श्री झलनाथ खनाल प्रधानमन्त्री पदमा निर्वाचित हुनुभएकोमा आफू र व्यवस्थापिका-संसद सदस्यहरुको तर्फबाट समेत पुनः बधाई तथा शुभकामना दिनुभयो ।

तदनन्तर बैठक २०६७ साल माघ २४ गते सोमवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
### सूचनापत्र-१

२०६७ माघ २४ गते

सोमवार

मिति २०६७ साल माघ २० गते विहिवार बसेको व्यवस्थापिका-संसदको बैठकबाट मिति २०६७ साल माघ २४ गते सोमवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गरिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवस आज बस्न नसक्ने भएकोले संविधानसभा (ब्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्मानननीय सभामुखले मिति २०६७ साल माघ २६ गते बुधवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

सूचनापत्र-१

२०६७ माघ २६ गते

बुधवार

मिति २०६७ साल माघ २४ गते सोमवार सूचनापत्र-१ प्रकाशित गरी मिति २०६७ साल माघ २६ गते बुधवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गरिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवस आज बस्न नसक्ने भएकोले संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६७ साल माघ २७ गते विहिवार दिनको ३:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ८

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ २७ गते विहिवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ५:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनालले वक्तव्य दिनुहुँदै आफुलाई नेपालको प्रधानमन्त्री पदमा निर्वाचित गराउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने मा० सदस्यहरु, राजनैतिक दल, सर्वसाधारण जनता, कर्मचारीवर्ग, पत्रकार लगायत सबैलाई धन्यवाद दिनुहुँदै सरकारको सफल नेतृत्व गर्न उहांहरु सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

तत्पश्चात् निम्नलिखित मा० सदस्यहरुले नव निर्वाचित प्रधानमन्त्रीलाई बधाई एवं शुभकामना दिनुहुँदै अन्य समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री रामचन्द्र पौडेल
२. मा० श्री नारायणकाजी श्रेष्ठ
३. मा० श्री रामजनम चौधरी
४. मा० श्री चन्द्रिकाप्रसाद यादव
५. मा० श्री गणेश तिवारी नेपाली
६. मा० श्री अरविन्द शाह
७. मा० श्री मालामति देवी राना
८. मा० श्री लोकेन्द्रबहादुर चन्द
९. मा० श्री चन्द्रप्रकाश मैनाली
१०. मा० श्री तिलकबहादुर थापा मगर
११. मा० श्री चन्द्रदेव जोशी
१२. मा० श्री चन्द्रबहादुर गुरुङ (स्याङ्जा)
१३. मा० श्री प्रकाशचन्द्र लोहनी
१४. मा० श्री राजकुमार लिम्बु नाल्बो
१५. मा० श्री एकनाथ ढकाल
१६. मा० श्री लक्ष्मीलाल चौधरी
१७. मा० श्री सदरुल मिया हक

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ बमोजिम सम्माननीय प्रधानमन्त्री झलनाथ खनालले आज संवत् २०६७ साल माघ २३ गते रोज १ का दिन उहाँकै अध्यक्षतामा देहायबमोजिम मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री झलनाथ खनाल | प्रधानमन्त्री | अर्थ, ऊर्जा, उद्योग, कानुन तथा न्याय, कृषि तथा सहकारी, गृह, परराष्ट्र, पर्यटन तथा नागरिक उड्डयन, भूमिसुधार तथा व्यवस्था, भौतिक योजना तथा निर्माण, महिला, बालबालिका तथा समाज कल्याण, युवा तथा खेलकूद, रक्षा, वन तथा भू-संरक्षण, वाणिज्य तथा आपूर्ति, वातावरण, विज्ञान तथा प्रविधि, शान्ति तथा पुनर्निमार्ण, शिक्षा, श्रम तथा यातायात व्यवस्था, सामान्य प्रशासन, सिंचाई, सूचना तथा सञ्चार, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति, स्थानीय विकास र स्वास्थ्य तथा जनसंख्या । |

मिति २०६७।१०।२३

(ख) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र धारा ४० बमोजिम सम्माननीय प्रधानमन्त्री झलनाथ खनालले मौजुदा मन्त्रिपरिषद्मा आज संवत् २०६७ माघ २७ गते विहिवारका दिन देहायका महानुभावहरुलाई नियुक्ति गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री भरतमोहन अधिकारी | उपप्रधानमन्त्री | कार्यभार पछि तोकिने |
| २. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | कार्यभार पछि तोकिने |
| ३. | श्री गंगालाल तुलाधर | मन्त्री | कार्यभार पछि तोकिने |

मिति २०६७।१०।२७

तत्पश्चात मा० उपप्रधानमन्त्री श्री भरतमोहन अधिकारीको तर्फबाट मा० मन्त्री श्री विष्णुप्रसाद पौडेलले क्रमश: "आर्थिक अध्यादेश, २०६७", "विनियोजन अध्यादेश, २०६७", "राष्ट्र ऋण उठाउने अध्यादेश, २०६७" र "ऋण तथा जमानत (अठारौं संशोधन) अध्यादेश, २०६७" पेश गर्नुभयो ।

तदनन्तर बैठक २०६७ साल माघ २९ गते शनिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - ९

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल माघ २९ गते शनिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४० बमोजिम नियुक्त उपप्रधानमन्त्रीलाई देहाय बमोजिम कार्यविभाजन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| नामथर, | | कार्यविभाजन |
|---|---|---|
| श्री भरतमोहन अधिकारी | उपप्रधानमन्त्री | अर्थ मन्त्रालय |

मितिः माघ २९, २०६७

तत्पश्चात सम्माननीय सभामुखले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसंचालन) नियमावली, २०६७ को नियम ५० बमोजिम आर्थिक अध्यादेश, २०६७, विनियोजन अध्यादेश, २०६७, राष्ट्रऋण उठाउने अध्यादेश, २०६७ र ऋण तथा जमानत (अठारौं संशोधन) अध्यादेश, २०६७ लाई अस्वीकार गर्ने सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “आर्थिक अध्यादेश, २०६७ लाई स्वीकृत गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “विनियोजन अध्यादेश, २०६७ लाई स्वीकृत गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “राष्ट्र ऋण उठाउने अध्यादेश, २०६७ लाई स्वीकृत गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “ऋण तथा जमानत (अठारौं संशोधन) अध्यादेश, २०६७ लाई स्वीकृत गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले आज स्वीकृत भएका आर्थिक अध्यादेश, २०६७, विनियोजन अध्यादेश, २०६७, राष्ट्र ऋण उठाउने अध्यादेश, २०६७ तथा ऋण तथा जमानत (अठारौं संशोधन), अध्यादेश, २०६७ लाई प्रतिस्थापन गर्ने विधेयकहरु आजै वितरण कक्षबाट माननीय सदस्यहरुलाई उपलब्ध गराइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६७ साल फागुन २ गते सोमवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - १० र ११

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन २ गते सोमवार

व्यवस्थापिका-संसदको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ बोल्नको लागि मा० श्री रामशरण महतले हात उठाउनु हुंदा सम्माननीय सभामुखले वहांलाई बोल्ने अनुमति दिनुभएपछि एनेकपा माओवादीका कार्यकर्ताले कब्जा गरिएका व्यक्तिगत सम्पत्ति हालसम्म पनि फिर्ता नगरी कायम राखेको र हालै वर्दियामा ३ सय विगाहा जमिन कब्जा गरी झण्डा गाडेको सम्बन्धमा सरकारले सदनलाई जानकारी गराओस् भन्नुभयो । त्यसैगरी मा० श्री विश्वेन्द्र पासवानले धनुषाका शम्भु पासवानको हत्याको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनु भयो ।

सर्वप्रथम मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "आर्थिक विधेयक, २०६७" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि कुनैपनि मा० सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "आर्थिक विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "विनियोजन विधेयक, २०६७" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि कुनैपनि मा० सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "विनियोजन विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "राष्ट्र ऋण उठाउने विधेयक, २०६७" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि कुनैपनि मा० सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "राष्ट्र ऋण उठाउने विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि कुनैपनि मा० सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

तदनन्तर बैठक आजै आधा घण्टा पछि बस्ने गरी स्थगित भयो ।

व्यवस्थापिका-संसदको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको २:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० श्री भिमप्रसाद आचार्यले "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम १५७ बमोजिम उक्त नियमावलीको नियम ६७, नियम ८९ को उपनियम (१) देखि (११) सम्म, नियम ९०, ९१, ९२, ९३ र ९४ लाई निलम्वन गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावको मा० श्री पुष्पा भुषालले समर्थन गर्नुभयो ।

त्यसपछि "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम १५७ बमोजिम उक्त नियमावलीको नियम ६७, नियम ८९ को उपनियम (१) देखि (११) सम्म, नियम ९०, ९१, ९२, ९३ र ९४ लाई निलम्वन गरियोस्" भन्ने उक्त प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "विनियोजन विधेयक, २०६७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले “विनियोजन विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रामशरण महत
२. मा० श्री रमेश लेखक
३. मा० श्री देवप्रसाद गुरुङ
४. मा० श्री अलाउद्दिन अन्सारी
५. मा० श्री अरविन्द शाह
६. मा० श्री सुनिल प्रजापति
७. मा० श्री आत्माराम प्रसाद शाह
८. मा० श्री अभिषेकप्रताप साह

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “विनियोजन विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “आर्थिक विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले “आर्थिक विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भएको जानकारी गराउनु हुंदै यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त “आर्थिक विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ९६ को उपनियम (३) बमोजिम “आर्थिक विधेयक, २०६७” माथिको दफावार छलफलको लागि यही २०६७ साल फागुन ३ गते मंगलवार व्यवस्थापन कार्य प्रारम्भ भएपछिको समय तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “राष्ट्र ऋण उठाउने विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले “राष्ट्र ऋण उठाउने विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भएको जानकारी गराउनु हुंदै यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि “राष्ट्र ऋण उठाउने विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले “ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले “ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भएको जानकारी गराउनु हुंदै यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि “ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर बैठक २०६७ साल फागुन ३ गते मंगलवार दिनको २:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - १२

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन ३ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ बोल्नको लागि मा० श्री लक्ष्मणप्रसाद घिमिरेले हात उठाउनु हुंदा सम्माननीय सभामुखले वहांलाई बोल्ने अनुमति दिनुभएपछि राज्यले करका दरहरुमा हेरफेर गर्न जनता र जनप्रतिनिधिको स्वीकृति लिनुपर्नेमा हिजो सदनमा पेश भएको आर्थिक विधेयकको दफा १८ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आवश्यकता अनुसार यो अध्यादेश र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर शुल्क महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्ने छ । त्यस्तो दर घटाइएको, बढाईएको वा छुटको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने छ । सो बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण अर्थमन्त्रालयले सदनमा पेश मात्र गरे पुग्ने व्यवस्था रहेकोले उक्त व्यवस्थाप्रति आपत्ति जनाउनु हुंदै यदि त्यसरी करका दरहरु घटाउनु वा बढाउनु पर्ने अवस्था आएमा १५ दिनभित्र संसदबाट स्वीकृति लिनुपर्ने, संसदले अस्वीकृत गरेमा त्यस्तो बढाइएको/घटाइएको कर फिर्ता गर्ने व्यवस्था गर्ने सम्बन्धमा अर्थमन्त्रीबाट प्रतिवद्धता व्यक्त गरिएमात्र हामीले बजेटसंग सम्बन्धित विधेयकहरु पारित गर्न सहयोग गर्नेछौं भन्नुभयो । मा० श्री प्रकाशचन्द्र लोहनी र मा० श्री विश्वेन्द्र पासवानले पनि उक्त मागको समर्थन गर्नुभयो ।

त्यसपछि मा० श्री तिलक रावलले अघिल्लो वर्ष सुनको अत्यधिक आयातले भुक्तानी सन्तुलन नहुंदा देशमा आर्थिक विचलन पैदा भएकोले अर्थमन्त्रालयले त्यस्तो अवस्थामा सरकारलाई अधिकार दिने उद्देश्यले यो व्यवस्था राखेको हुनसक्ने तर्क राख्नुहुंदै उल्लेखित अवस्था आएमा निर्धारित समयभित्र संसदबाट स्वीकृत लिनुपर्ने व्यवस्था गरियोस् भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखको अनुमति लिएर मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले देश बजेट विहिन अवस्थामा रहन नदिन व्यवस्थापिका-संसद र माननीय सदस्यहरुले अध्यादेशलाई प्रतिस्थापन गर्न पेश भएका विधेयकहरु पारित गराउन जुन सकारात्मक भूमिका खेल्नुभएको छ, त्यसको सह्राना गर्नुहुंदै यदि त्यसरी सरकारले करका दरहरु घटाउनु वा बढाउनु पर्ने अवस्था आएमा १५ दिनभित्र व्यवस्थापिका-संसदबाट स्वीकृति लिइने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "विनियोजन विधेयक, २०६७" मा निर्दिष्ट विभिन्न मन्त्रालयहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रपतिको कार्यालयका विभिन्न शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको "विनियोजन विधेयक, २०६७" मा निर्दिष्ट विभिन्न मन्त्रालयहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रपतिको कार्यालयका विभिन्न शिर्षकहरुमाथिको समुहिकृत रुपमा प्रारम्भ भएको दफावार छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो:-

१. मा० श्री प्रकाशचन्द्र लोहनी
२. मा० श्री तिलकबहादुर रावल
३. मा० श्री विनोदकुमार चौधरी
४. मा० श्री विजयकुमार पौडेल
५. मा० श्री सुनिल प्रजापति
६. मा० श्री चित्रबहादुर के.सी.
७. मा० श्री लक्ष्मीलाल चौधरी
८. मा० श्री अभिषेकप्रताप शाह
९. मा० श्री देवप्रसाद गुरुङ
१०. मा० श्री विश्वेन्द्र पासवान
११. मा० श्री अलाउद्दिन अन्सारी
१२. मा० श्री भगवति चौधरी
१३. मा० श्री परी थापा
१४. मा० श्री विमलकुमार केडिया
१५. मा० श्री रामशरण महत

तदुपरान्त उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले उक्त विधेयकमा निर्दिष्ट विभिन्न शिर्षकहरुमाथिको समुहिकृत रुपमा दफावार छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात् उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो:

१. मा० श्री तिलकबहादुर रावल
२. मा० श्री सुनिल प्रजापति
३. मा० श्री विमलप्रसाद केडिया
४. मा० श्री अभिषेकप्रताप शाह
५. मा० श्री रामशरण महत
६. मा० श्री प्रकाशचन्द्र लोहनी

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले उक्त स्पष्टिकरणको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०६७ मा निर्दिष्ट विभिन्न शिर्षकहरुमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउनु हुंदै विधेयकको दफा २ देखि ५ सम्म र सो सँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुंदै "विनियोजन विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "विनियोजन विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आर्थिक विधेयक, २०६७ माथि छलफल गर्न आज फागुन ३ गते व्यवस्थापन कार्य प्रारम्भ भएपछिको समय तोकिएको जानकारी गराउनु हुंदै उक्त विधेयकमाथि छलफल गर्दा संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ९६ को उप-नियम (४) बमोजिम नेपाल सरकारको जवाफदेही भित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा नेपाल सरकारको मौद्रिक एवं आर्थिक नीतिसँग सम्बन्धित विषयहरुमाथि मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०६७" को दफा २ देखि ३६ सम्मका दफाहरु र सोसँग सम्बन्धित उपदफाहरुका साथै सम्बन्धित अनुसूची १ देखि ५ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुंदै "आर्थिक विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "आर्थिक विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले पारित भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "राष्ट्र ऋण उठाउने विधेयक, २०६७ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकमाथि माननीय सदस्यहरुबाट संशोधन प्रस्तुत गर्ने समय सम्बन्धी नियमावलीको दफा निलम्वन गरिएको कारण कुनैपनि मा० सदस्यहरुको संशोधन स्वत: नरहने भएकोले दफावार छलफल गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु हुंदै विधेयकको दफा २ र ३ "राष्ट्र ऋण उठाउने विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुंदै "राष्ट्र ऋण उठाउने विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "राष्ट्र ऋण उठाउने विधेयक, २०६७ लाई पारित गरियोस्" भनी प्रस्तुत भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले पारित भयो ।

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकमाथि माननीय सदस्यहरुबाट संशोधन प्रस्तुत गर्ने समय सम्बन्धी नियमावलीको दफा निलम्वन गरिएको कारण कुनैपनि मा० सदस्यहरुको संशोधन स्वत: नरहने भएकोले दफावार छलफल गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु हुंदै विधेयकको दफा २ र ३ "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ को अंग बनोस् भनी निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुंदै "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ लाई पारित गरियोस्" भनी प्रस्तुत भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले पारित भयो ।

तदनन्तर वैठक २०६७ साल फागुन ८ गते आईतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - १३

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन ८ गते आइतवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री प्रकाशमान सिंह
३. मा० श्री रामनाथ ढकाल
४. मा० श्री जयराम यादव
५. मा० श्री चलनबहादुर तामाङ
६. मा० श्री चन्द्रप्रकाश मैनाली
७. मा० श्री जग्यबहादुर शाही
८. मा० श्री चित्रबहादुर के.सी.
९. मा० श्री प्रकाशचन्द्र लोहनी
१०. मा० श्री परी थापा

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयो:-

सम्माननीय राष्ट्रपति डा० रामवरण यादवबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८७ वमोजिम देहायका विधेयकहरु प्रमाणिकरण भएकोले प्रमाणीकृत प्रतिहरु यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं. | ऐन नं. | विवरण | प्रमाणिकरण मिति |
|---|---|---|---|
| १. | ५ | विनियोजन ऐन, २०६७ | २०६७।११।०३।३ |
| २. | ६ | आर्थिक ऐन, २०६७ | २०६७।११।०३।३ |
| ३. | ७ | राष्ट्रऋण उठाउने ऐन, २०६७ | २०६७।११।०३।३ |
| ४. | ८ | ऋण तथा जमानत (अठारौं संशोधन) ऐन, २०६७ | २०६७।११।०३।३ |

मिति :- २०६७/११/०३

त्यसपछि अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिका मा० सभापति श्री पद्मलाल विश्वकर्माले "अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिको कार्यक्षेत्र पुनरावलोकन प्रतिवेदन, २०६७" सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात् प्राकृतिक स्रोत र साधन समितिका मा० सभापतिको तर्फबाट सोही समितिका मा० सदस्य श्री लक्ष्मणप्रसाद घिमिरेले "वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७" सदन समक्ष पेश गर्नुभयो ।

तदुपरान्त मा० मन्त्री श्री विष्णुप्रसाद पौडेलले "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि **(United Nations Convention Against Corruption)** माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा (व्यवस्थापिका-संसदको कार्य संचालन नियमावली) २०६५ को नियम १४० को उपनियम (४) बमोजिम उक्त महासन्धिमाथिको सामान्य छलफलको लागि यही २०६७ फागुन ११ गते बुधवार दिनको १:०० बजेको समय तोकेको जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल फागुन ११ गते बुधवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - १४

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन ११ गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि **(United Nations Convention Against Corruption)** माथिको सामान्य छलफलको लागि आजको दिन तोकिएकोमा विशेष कारणवस उक्त छलफल आज नहुने भएकोले आजको दैनिक कार्यसूचीको क्रमसंख्या १ र २ का कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु हुंदै उक्त महासन्धिमाथिको सामान्य छलफलको लागि २०६७ फागुन १२ गते विहिवारको लागि तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा एवं व्यवस्थापिका-संसद सदस्य श्री गौरीशंकर खड्काको असामयिक दुखद निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव पारित गरिदिनु हुन अनुरोध गर्नुहुंदा सर्वसम्मतिले पारित भयो :-

शोक प्रस्ताव

"व्यवस्थापिका-संसदको यो बैठक एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट झापा जिल्ला क्षेत्र नं. २ बाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार संविधानसभा एवं व्यवस्थापिका-संसद सदस्यमा निर्वाचित सदस्य एवं एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का केन्द्रीय सदस्य श्री गौरीशंकर खड्काको यहि २०६७ साल फागुन ९ गते विहान ६:०५ बजे वि.एण्ड वि.अस्पताल, काठमाण्डौंमा क्यान्सर रोगको उपचारको क्रममा ५२ वर्षको उमेरमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात् सभाले स्वर्गीय गौरीशंकर खड्काको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर वैठक २०६७ साल फागुन १२ गते विहिवार दिनको १:३० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
नवौं अधिवेशन
## बैठक संख्या - १५
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन १२ गते विहिवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (**United Nations Convention Against Corruption**) माथिको सामान्य छलफलको लागि आजको दिन तोकिएकोमा उक्त महासन्धि माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु भयो ।

तदुपरान्त प्रारम्भ भएको उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयोः-

१. मा० श्री प्रकाशचन्द्र लोहनी
२. मा० श्री एकराज भण्डारी
३. मा० श्री प्रदिपकुमार ज्ञवाली
४. मा० श्री रमेश लेखक
५. मा० श्री रामनाथ ढकाल
६. मा० श्री चित्रबहादुर के.सी.
७. मा० श्री नन्दनकुमार दत्त
८. मा० श्री नवराज कोइराला
९. मा० श्री अग्निप्रसाद खरेल
१०. मा० श्री खिमलाल देवकोटा
११. मा० श्री सरिता गिरी
१२. मा० श्री ववन सिंह
१३. मा० श्री सर्वदेवप्रसाद ओझा
१४. मा० श्री गोपाल ठाकुर
१५. मा० श्री सपना प्रधान मल्ल
१६. मा० श्री राजलाल यादव
१७. मा० श्री मुहम्मद रिजवान
१८. मा० श्री चन्द्रप्रकाश मैनाली
१९. मा० श्री भुपेन्द्र चौधरी

त्यसपछि मा० मन्त्री श्री विष्णुप्रसाद पौडेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (**United Nations Convention Against Corruption**) माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि मा० मन्त्री श्री विष्णुप्रसाद पौडेलले "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (**United Nations Convention Against Corruption**) लाई अनुमोदन गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुंदा सर्वसम्मतिले अनुमोदन गर्‍यो ।

तदनन्तर बैठक २०६७ साल फागुन १६ गते सोमवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

## बैठक संख्या - १६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन १६ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री गगन थापा
२. मा० श्री गोकर्ण राई
३. मा० श्री चन्द्रबहादुर गुरुङ्ग (मुस्ताङ)
४. मा० श्री चन्द्रिकाप्रसाद यादव
५. मा० श्री चन्द्रीराम टमटा
६. मा० श्री चित्रबहादुर के.सी.
७. मा० श्री जगदिश्वर नरसिंह के.सी.
८. मा० श्री जनककुमारी चालिसे
९. मा० श्री जिवनप्रेम श्रेष्ठ
१०. मा० श्री टसी ल्हाङमो गुरुङसेनी
११. मा० श्री तेजबहादुर मिजार

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री पदमलाल विश्वकर्मा
२. मा० श्री लक्ष्मणप्रसाद घिमिरे
३. मा० श्री सपना प्रधान मल्ल
४. मा० श्री हरिनारायण यादव
५. मा० श्री चन्द्रप्रकाश मैनाली
६. मा० श्री सुनिलबाबु पन्त
७. मा० श्री नवराज कोइराला
८. मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङजा)
९. मा० श्री रश्मिराज नेपाली
१०. मा० श्री तिलकबहादुर थापा मगर
११. मा० श्री अर्जुन राई
१२. मा० श्री परि थापा
१३. मा० श्री बुद्धरत्न मानन्धर
१४. मा० श्री खिमलाल देवकोटा

तत्पश्चात संसदीय सुनुवाई विशेष समितिका मा० सभापति श्री कुलबहादुर गुरुङले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११९ को उपनियम ६ बमोजिम सर्वोच्च अदालतका लागि प्रस्तावित प्रधान न्यायाधिश, सर्वोच्च अदालतका लागि प्रस्तावित स्थायी र अस्थायी न्यायाधिश, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रस्तावित आयुक्त र विभिन्न देशका लागि प्रस्तावित राजदूत पदको लागि विभिन्न मितिहरुमा संसदीय सुनवाई सम्पन्न गरिएको सम्बन्धी संसदीय सुनुवाई विशेष समितिको प्रतिवेदन, २०६७ सदन समक्ष प्रस्तुत गर्नुभयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीको तर्फबाट मा० मन्त्री श्री गंगालाल तुलाधरले २०६७ साल वैशाख १ गतेदेखि २०६७ असार ३२ सम्म र २०६७ श्रावण १ देखि पौष ३० गतेसम्म बैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताहरुको विवरण पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६७ माघ १२ गते बुधवार बसेको एकसय छ औं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको एकसय सातौं बैठक आजै १५ मिनेट पछि यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल फागुन २२ गते आइतवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

### सूचनापत्र-१

२०६७ फागुन २२ गते

आइतवार

मिति २०६७ साल फागुन १६ गते सोमवार बसेको व्यवस्थापिका-संसद्‌को बैठकबाट मिति २०६७ साल फागुन २२ गते आइतवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गरिएको व्यवस्थापिका-संसद्‌को बैठक नेपाली काँग्रेसका संस्थापक नेता एवं पूर्वप्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको यहि २०६७ साल फागुन २० गते शुक्रवार राती ११:२६ बजे काठमाडौंको नर्भिक अस्पतालमा उपचारको क्रममा निधन भएको र नेपाल सरकारले राजकीय सम्मानका साथ उहाँको अन्त्येष्टि गर्ने घोषणा गरेको कारण उक्त बैठक आज बस्न नसक्ने भएकोले संविधानसभा (व्यवस्थापिका-संसद्‌को कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६७ साल फागुन २३ गते सोमवार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा0 सदस्यहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसद्‌को महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - १७
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन २३ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले नेपाली काँग्रेसका संस्थापक नेता, पूर्व सभापति एवं पूर्व प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको दुःखद निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"नेपाली कांग्रेसका संस्थापक नेता तथा पूर्व सभापति, २००७ सालको जनक्रान्तिका अग्रणी नेता, २०१५ सालको प्रथम जन निर्वाचित प्रतिनिधिसभाको पहिलो सभामुख, सादा जीवन र उच्च विचारका धनी, राष्ट्रियता, समाजवाद र प्रजातन्त्रप्रति आजीवन समर्पित नेता, नैतिक बलका धनी एवं पूर्व प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको यहि २०६७ साल फागुन २० गते शुक्रवार राती ११:२६ बजे काठमाडौंको थापाथली स्थित नर्भिक अस्पतालमा उपचारको क्रममा ८७ वर्षको उमेरमा दुःखद निधन भएको घटनाबाट सिंगो मुलुक स्तब्ध भएको छ । दुःखको यस घडिमा व्यवस्थापिका-संसदको यो बैठक आदरणीय नेता श्री कृष्णप्रसाद भट्टराईको निधनप्रति गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय कृष्णप्रसाद भट्टराईको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर वैठक २०६७ साल फागुन २५ गते बुधवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

## बैठक संख्या - १८

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन २५ गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बवन सिंह
२. मा० श्री बिन्दा पाण्डे
३. मा० श्री बिना पौडेल
४. मा० श्री बिष्णुप्रसाद रिमाल
५. मा० श्री बुद्धरत्न मानन्धर
६. मा० श्री भोटनीदेवी खवास
७. मा० श्री महालक्ष्मी अर्याल उपाध्याय
८. मा० श्री मुहमद रिजवान
९. मा० श्री रघुविर महासेठ
१०. मा० श्री राजलाल यादव
११. मा० श्री राधववीर जोशी

तत्पश्चात विपक्षी दलका नेता मा० श्री रामचन्द्र पौडेलले शान्ति प्रक्रिया, सेना समायोजन र राज्य पुनर्संरचना आयोग गठन हुनुपर्ने जस्ता मागहरु विगतदेखि वर्तमानसम्म हामीले प्राथमिकतासाथ राख्दै आएको, आफ्नो दलले सरकारमा रहँदा पनि यसतर्फ निकै जोड दिएको जानकारी गराउनु हुँदै संघीयतालाई सफल, व्यवहारिक र सर्वस्वीकार्य बनाउन कति प्रदेश निर्माण गर्ने सो सम्बन्धमा विशेषज्ञहरुद्वारा सीमाङ्कन गरी संघीयतालाई सुनिश्चित बनाउनका लागि राज्य पुनर्संरचना आयोग गठन गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री जीवनप्रेम श्रेष्ठ
२. मा० श्री रविन्द्रप्रसाद अधिकारी
३. मा० श्री सर्वदेवप्रसाद ओझा
४. मा० श्री आत्मारामप्रसाद साह
५. मा० श्री वृजेशकुमार गुप्त
६. मा० श्री अरविन्द साह
७. मा० श्री चलनबहादुर तामाङ्ग
८. मा० श्री पार्वती महतो (कुमाल)
९. मा० श्री सुनिलबाबु पन्त
१०. मा० श्री सुनिल प्रजापति
११. मा० श्री चित्रबहादुर के.सी.
१२. मा० श्री केशवप्रसाद मैनाली
१३. मा० श्री सदरुल मिया हक
१४. मा० श्री लक्ष्मी परियार
१५. मा० श्री गोपाल ठाकुर

त्यसपछि सम्माननीय सभामखुले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय प्रधानमन्त्री झलनाथ खनालले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र ४० बमोजिम संवत् २०६७ साल फागुन २० गते शुक्रवारका दिन मौजुदा मन्त्रिपरिषद्मा देहायबमोजिम नियुक्ति, हेरफेर र कार्यविभाजन गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री झलनाथ खनाल | प्रधानमन्त्री | ऊर्जा, उद्योग, कानुन तथा न्याय, कृषि तथा सहकारी, गृह, परराष्ट्र, भूमिसुधार तथा व्यवस्था, महिला, बालबालिका तथा समाज कल्याण, युवा तथा खेलकूद, रक्षा, वन तथा भू-संरक्षण, वाणिज्य तथा आपूर्ति, वातावरण, विज्ञान तथा प्रविधि, शिक्षा, श्रम तथा यातायात व्यवस्था, सामान्य प्रशासन, सिंचाई, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति, स्थानीय विकास र स्वास्थ्य तथा जनसंख्या । |

| | | | |
|---|---|---|---|
| २. | श्री भरतमोहन अधिकारी | उपप्रधानमन्त्री | अर्थ । |
| ३. | श्री कृष्णबहादुर महरा | उपप्रधानमन्त्री | सूचना तथा सञ्चार । |
| ४. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | कार्यभार पछि तोकिने । |
| ५. | श्री टोपबहादुर रायमाझी | मन्त्री | भौतिक योजना तथा निर्माण । |
| ६. | श्री वर्षमान पुन | मन्त्री | शान्ति तथा पुनर्निर्माण । |
| ७. | श्री खड्गबहादुर विश्वकर्मा | मन्त्री | पर्यटन तथा नागरिक उड्डयन । |
| ८. | श्री गंगालाल तुलाधर | मन्त्री | कार्यभार पछि तोकिने । |

मिति २०६७।११।२०

(ख) सम्माननीय प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र ४० बमोजिम नियुक्त भई कार्यभार तोकिन बाँकी रहेका मन्त्रीहरुलाई देहायबमोजिम कार्यविभाजन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | रक्षा मन्त्रालय । |
| २. | श्री गंगालाल तुलाधर | मन्त्री | शिक्षा मन्त्रालय । |

मिति २०६७।११।२३

तदुपरान्त प्राकृतिक स्रोत र साधन समितिका मा० सभापति श्री शान्ता चौधरीले “गैंडा संरक्षण तथा पहिरो सम्बन्धी अध्ययन प्रतिवेदन, २०६७” सदन समक्ष पेश गर्नुभयो ।

तदनन्तर वैठक २०६७ साल फागुन २७ गते शुक्रवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - १९
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन २७ गते शुक्रवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री शारदादेवी कुमाल
२. मा० श्री शिवपुजन राय यादव
३. मा० श्री शिवराम यादव
४. मा० श्री शीला कतिला
५. मा० श्री शेरबहादुर कुवर
६. मा० श्री सत्य पहाडी
७. मा० श्री सत्यलाल मुल
८. मा० श्री सपना प्रधान मल्ल
९. मा० श्री सरस्वती चौधरी
१०. मा० श्री सवितादेवी यादव
११. मा० श्री सीता पोखरेल
१२. मा० श्री सुनिल प्रजापति
१३. मा० श्री सुरिताकुमारी साह
१४. मा० श्री संघप्रसाद थारु
१५. मा० श्री हरिश ठकुल्ला (कमल क्षेत्री)
१६. मा० श्री हर्षजित लामा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अग्नीप्रसाद सापकोटा
२. मा० श्री पुष्पा भुसाल
३. मा० श्री प्रदीपकुमार ज्ञवाली
४. मा० श्री सर्वदेवप्रसाद ओझा
५. मा० श्री राजलाल यादव
६. मा० श्री वृजेशकुमार गुप्त
७. मा० श्री ववितादेवी धोवी
८. मा० श्री जनककुमारी चालिसे
९. मा० श्री सुनिलबाबु पन्त
१०. मा० श्री लीला न्याईंच्याईं
११. मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङ्जा)
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० श्री प्रकाशचन्द्र लोहनी
१४. मा० श्री परि थापा
१५. मा० श्री सरिता गिरी
१६. मा० श्री विश्वेन्द्र पासवान
१७. मा० श्री आङदावा शेर्पा
१८. मा० श्री नविन्द्रराज जोशी
१९. मा० श्री उषाकला राई

तत्पश्चात सम्माननीय सभामुखले व्यवस्थापिका-संसदको बैठकमा मा० सदस्यहरुले उठाउनु भएका सार्वजनिक महत्वका गम्भिर विषयहरु तर्फ सरकारको गम्भिर ध्यानाकर्षण गराउनु भयो । साथै आजको बैठकमा केन्द्रिय कारागारमा सरकारको सुरक्षामा रहेका थुनुवा माथि भएको गोली प्रहारको विषयमा मा० सदस्यहरुले गम्भिरतापूर्वक सरकारको ध्यानाकर्षण गराउनु भएकोले सो सम्बन्धमा आगामी बस्ने व्यवस्थापिका-संसदको बैठकमा जानकारी दिन सरकारलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको क्रमसंख्या १ को कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात विधायन समितिका मा० सभापति श्री यशोदा गुरुङ्ग (सुवेदी) ले “लगानी बोर्ड विधेयक, २०६५” सम्बन्धी समितिको प्रतिवेदन सहितको विधेयक पेश गर्नुभयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले “सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७” प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुको उपस्थिति (हाजिरी) गराउने स्थान नजीक एउटा छुट्टै टेबुलमा शून्य समयमा बोल्न चाहनु हुने मा० सदस्यहरुको वारको क्रमानुसारको नामावली सहितको विवरण राखिनेछ । शून्य समयमा बोल्न चाहनुहुने प्रत्येक मा० सदस्यहरुले बैठक बस्ने प्रत्येक दिन (आइतवार देखि शुक्रवार सम्म) आ-आफ्नो नामको अगाडि (✓) रेजा चिन्ह लगाउनु पर्नेछ । व्यवस्थापिका-संसदको आगामी बैठकदेखि आ-आफ्नो नामको अगाडि रेजा चिन्ह लगाउनु भएका मा० सदस्यहरुको नाममात्र बैठकबाट उच्चारण गरिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । साथै शून्य समयको विवरणमा आफ्नो नामको अगाडि रेजा चिन्ह लगाउन चाहनुहुने मा० सदस्यहरुले बैठक बस्ने दिन तोकिएको समय भन्दा १५ मिनेट अगाडि नै उक्त चिन्ह लगाइसक्नु पर्ने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल फागुन २९ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - २०

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन २९ गते आइतवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनालले केन्द्रिय कारागारमा सरकारको सुरक्षामा रहेका थुनुवाबन्दी माथि भएको गोली प्रहारको विषय र अन्य समसामयिक सार्वजनिक महत्वको विषयहरुमा जानकारी दिनु हुंदै संक्रमणकालिन अवस्थामा नागरिकको सुरक्षा गर्न कठिन रहेको भएतापनि आम नागरिकको सुरक्षासँग सिंगो मुलुकको सुरक्षा जोडिएकोले नागरिकको सुरक्षाप्रति यो सरकारले जिम्मेवारी पूर्वक प्राथमिकता दिइरहेको, लिवियामा भएको द्वन्दको कारण अलपत्रमा परेका अधिकांश नेपाली नागरिकहरुलाई नेपाल सरकार लगायत छिमेकी राष्ट्रहरुको पहलमा उद्धार गरिएको, मित्रराष्ट्र जापानमा गएको महाभुकम्प पश्चात् आएको सुनामीको कारणबाट जापानिज नागरिकमाथि पर्न गएको विपत्ती प्रति दुःख व्यक्त गर्दै त्यहाँ रहेका नेपाली नागरिकहरुको अवस्थाको वारेमा जानकारी लिन सम्बन्धित निकायबाट आवश्यक पहल भैरहेको, अन्तर्राष्ट्रिय बजारमा तेलको मुल्य वृद्धिको कारणले नेपालमा पनि मूल्य समायोजन गर्नुको विकल्प नरहेकोले पेट्रोल र हवाई इन्धनको मुल्य बृद्धि गरिएको तथा उर्जा संकट कम गर्न अल्पकालिन, मध्यकालिन र दीर्घकालीन योजनाको वारेमा के गर्न सकिन्छ भनि सम्बन्धित विज्ञहरुसंग परामर्श भैरहेको जानकारी गराउनु भयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अभिषेकप्रताप शाह
२. मा० श्री ईश्वरीप्रसाद दाहाल
३. मा० श्री कमला शर्मा
४. मा० श्री करिमा वेगम
५. मा० श्री कलावती देवी दूसाध
६. मा० श्री किरण यादव
७. मा० श्री केशवप्रसाद मैनाली

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री सुरेशकुमार आले मगर
२. मा० श्री रामशरण महत
३. मा० श्री विजयकुमार पौडेल
४. मा० श्री राजलाल यादव
५. मा० श्री वृजेशकुमार गुप्त
६. मा० श्री प्रतिभा राणा
७. मा० श्री चन्द्रप्रकाश मैनाली
८. मा० श्री लीला न्याइँच्याइँ
९. मा० श्री चित्रबहादुर के.सी.
१०. मा० श्री प्रकाशचन्द्र लोहनी
११. मा० श्री सरिता गिरी
१२. मा० श्री परि थापा
१३. मा० श्री विश्वेन्द्र पासवान
१४. मा० श्री बृद्धरत्न मानन्धर
१५. मा० श्री उमा रेग्मी

त्यसपछि सम्माननीय प्रधानमन्त्री तथा विज्ञान तथा प्रविधि मन्त्रीको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले “अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको विधान **(Statute of the International Atomic Energy Agency)** माथि सामान्य छलफल गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको “अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको विधान **(Statute of the International Atomic Energy Agency)** माथिको सामान्य छलफलमा मा० श्री खिमलाल देवकोटा र मा० श्री सुनिल प्रजापतिले भाग लिनुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री तथा विज्ञान तथा प्रविधि मन्त्रीको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री तथा विज्ञान तथा प्रविधि मन्त्रीको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले "अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको विधान **(Statute of the International Atomic Energy Agency)** लाई अनुमोदन गरियोस्" भनी प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त मा० श्री रमेश लेखकले नियमापत्ति गर्नुहुँदै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५३ बमोजिम व्यवस्थापिका-संसदको बैठकमा कुनैपनि प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्न सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित हुनुपर्ने प्रावधान रहेको तर मा० मन्त्रीले अनुमोदन गर्न पेश गर्नुभएको प्रस्तावको लागि तत्काल सभामा गणपुरक संख्या नरहेकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न नमिल्ने भन्नुभएपछि सम्माननीय सभामुखले मा० श्री रमेश लेखकले गर्नुभएको नियमापत्तिको विषयलाई लिएर बैठकमा गणपुरक संख्या भए नभएको यकीन गर्न सचिवालयलाई निर्देशन दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले बैठकको उपस्थिती हेर्दा तत्काल गणपुरक संख्या नपुगेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५३ बमोजिम प्रस्तुत प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्ने अवस्था हाल नरहेको व्यहोरा जानकारी गराउनुहुँदै बैठक २०६७ साल फागुन ३० गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर वैठक २०६७ साल फागुन ३० गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - २१
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल फागुन ३० गते सोमवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री गोपाल ठाकुर
२. मा० श्री गौरी महतो कोइरी
३. मा० श्री चन्द्रिकाप्रसाद यादव
४. मा० श्री चन्द्रीराम टमटा
५. मा० श्री चित्रबहादुर के.सी.
६. मा० श्री ज्वालाकुमारी साह
७. मा० श्री जिवनप्रेम श्रेष्ठ
८. मा० श्री तिलकबहादुर रावल
९. मा० श्री दामाकुमारी शर्मा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रामबहादुर थापा मगर (उदयपुर)
२. मा० श्री कमला पन्त
३. मा० श्री विष्णुप्रसाद रिमाल
४. मा० श्री हरिनारायण यादव
५. मा० श्री जितेन्द्रप्रसाद सोनार
६. मा० श्री प्रतिभा राणा
७. मा० श्री निलम के.सी. (खड्का)
८. मा० श्री राधववीर जोशी
९. मा० श्री करिमा बेगम
१०. मा० श्री अनिलकुमार झा
११. मा० श्री सुनिल प्रजापति
१२. मा० श्री कुन्तीकुमारी शाही
१३. मा० श्री मिना पुन
१४. मा० श्री अर्जुन राई
१५. मा० श्री विश्वेन्द्र पासवान
१६. मा० श्री एकनाथ ढकाल
१७. मा० श्री शालिकराम जम्कटेल
१८. मा० श्री ललिता किङरिङ मगर
१९. मा० श्री लक्की शेर्पा
२०. मा० श्री शुष्मा शर्मा घिमिरे

तत्पश्चात महिला, बालवालिका र समाज कल्याण समितिका मा० सभापति श्री सन्ध्या देवीले क्रमशः “महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषद् बीचमा देखिएको विवादहरुका विषयमा अध्ययन तथा छानविन प्रतिवेदन, २०६७”, “वीर अस्पतालमा रहेको गामा क्यामराको प्रयोग सम्बन्धी अध्ययन प्रतिवेदन, २०६७” र “वैदेशिक रोजगारीमा महिलाहरुको स्थिति र अवस्थाको अध्ययन प्रतिवेदन, २०६७” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले २०६७ साल फागुन २७ गते शुक्रवार जापानमा आएको विध्वंशकारी भुकम्प र त्यसपछि आएको सुनामी सम्बन्धी निम्नलिखित विशेष प्रस्ताव सभाको सहमतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो ।

> “व्यवस्थापिका-संसदको यो बैठक २०६७ साल फागुन २७ गते (तद्नुसार ११ मार्च, २०११) शुक्रवारका दिन मित्रराष्ट्र जापानमा आएको यो शताब्दीकै सबैभन्दा ठूलो ८.९ रेक्टर स्केलको महाभुकम्प र त्यसपछि आएको सुनामीले हजारौं व्यक्तिको ज्यान लिएको, हजारौं व्यक्ति घाइते हुन पुगेका र लाखौं जनता घरबार विहिन भई ठूलो जनधन तथा व्यापक पूर्वाधारको क्षति भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दछ । उक्त विनाशकारी महाभुकम्प र सुनामीमा परि दिवंगत हुनुभएकाहरुको आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारहरु प्रति हार्दिक सहानुभूति तथा समवेदना र घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछ । पीडितहरुको उद्धार कार्यमा जापान सरकारले अपनाएको तदारुकताको उच्च प्रशंसा गर्दै उक्त कार्यमा नेपाली जनताको हार्दिक ऐक्यवद्धता र दुःखको यस घडीमा जापान सरकार र जापानी जनतामा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना पनि गर्दछ ।”

तदनन्तर वैठक २०६७ साल चैत्र ३ गते विहिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - २२
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र ३ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखबाट अनुमति लिएर बोल्नुहुँदै मा० श्री लक्ष्मणप्रसाद घिमिरेले भरतपुर क्यान्सर अस्पतालका तत्कालिन निर्देशक डा० भक्तमान श्रेष्ठ पक्षधरले नव नियुक्त निर्देशकलाई काम गर्न नदिइ उल्टै उनी पक्षधर माथि हातपात र गुण्डागर्दी गर्दै कानूनी राज्यको उपहास गरेकोले सरकारबाट यसको जवाफ तुरुन्त आउनु पर्छ भन्नुभयो ।

त्यसपछि मा० श्री सरीता गिरीले आजको कार्यसूचीमा रहेको शोकप्रस्तावमा उल्लिखित पूर्व व्यवस्थापिका-संसद सदस्य एवं नेपाल सद्भावना पार्टीका अध्यक्ष श्री अनन्दीदेवी सिंहको मृत्यू शंकास्पद हुनसक्नेतर्फ जोड दिनुहुदै सो सम्बन्धमा न्यायीक छानविन आयोग गठन गर्नको लागि सम्माननीय सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रामकृष्ण चित्रकार
२. मा० श्री रामबहादुर थापा मगर (उदयपुर)
३. मा० श्री रेनु चन्द (भट्ट)
४. मा० श्री ललिता किङरीङ मगर
५. मा० श्री ललिता साह
६. मा० श्री लक्ष्मी गुरुङ्ग
७. मा० श्री विजयकुमार पौडेल
८. मा० श्री शान्ति जिरेल
९. मा० श्री शान्तिदेवी चमार
१०. मा० श्री शान्तिमाया तामाङ्ग
११. मा० श्री शारदा झा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री चित्रबहादुर श्रेष्ठ
२. मा० श्री अच्यूतराज पाण्डे
३. मा० श्री राधा ज्ञवाली
४. मा० श्री तिलकबहादुर रावल
५. मा० श्री राजलाल यादव
६. मा० श्री अरविन्द साह
७. मा० श्री प्रतिभा राणा
८. मा० श्री चन्द्रप्रकाश मैनाली
९. मा० श्री लीला न्याइँच्याइँ
१०. मा० श्री सन्तबहादुर नेपाली
११. मा० श्री अर्जुन राई
१२. मा० श्री परि थापा
१३. मा० श्री केशवप्रसाद मैनाली
१४. मा० श्री बबन सिंह
१५. मा० श्री सावित्रा गुरुङ्ग दुरा
१६. मा० श्री दुधकुमारी हमाल
१७. मा० श्री शान्ता चौधरी
१८. मा० श्री ज्वालाकुमारी साह

यसैबीच विशेष समयमा मा० श्री चित्रबहादुर श्रेष्ठले बोल्ने क्रममा मा० श्री कमला पन्तले नियमापत्ति गर्नुहुंदै भरतपुर क्यान्सर अस्पतालका निवर्तमान अध्यक्ष डा० भक्तमान श्रेष्ठले नियम कानून मिचेर जवर्जस्ती पदमा वसिरहेको तर्फ सभाको ध्यानाकर्षण गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले बोल्ने क्रममा सभामुखमार्फत बोल्नुपर्ने र एकजना मा० सदस्यले बोलिरहेको विषयमा अर्को मा० सदस्यले सवाल जवाफ गर्नु जायज नहुनेतर्फ मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री एवं सूचना तथा संचार मन्त्री श्री कृष्णबहादुर महराले भरतपुर क्यान्सर अस्पताल संचालनमा केही विवाद भएकोले सरकार यस विषयमा गम्भिर भएको, सरकारले उक्त विवाद आपसी सहमति र छलफलद्वारा टुंग्याउनु पर्नेतर्फ जोड दिनुहुदै व्यवस्थापिका-संसदमा माननीय सदस्यहरुद्वारा उठाउनु भएका सवै विषयहरुमा सरकारको ध्यान जानेतर्फ बैठकलाई आस्वस्त पार्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र ४० बमोजिम सम्माननीय प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा गठित मौजुदा मन्त्रिपरिषद्मा देहायबमोजिम कार्यविभाजन हेरफेर गरि थप गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री कृष्णबहादुर महरा | उपप्रधानमन्त्री | सूचना तथा संचार, कानुन तथा न्याय, भूमिसुधार तथा व्यवस्था र स्वास्थ्य तथा जनसंख्या । |
| २. | श्री टोपबहादुर रायमाझी | मन्त्री | भौतिक योजना तथा निर्माण र श्रम तथा यातायात व्यवस्था । |
| ३. | श्री वर्षमान पुन | मन्त्री | शान्ति तथा पुनर्निर्माण र युवा तथा खेलकूद । |
| ४. | श्री खड्गबहादुर विश्वकर्मा | मन्त्री | पर्यटन तथा नागरिक उड्डयन र महिला, बालबालिका तथा समाज कल्याण । |

मिति २०६७।११।२९

त्यसपछि विधायन समितिका मा० सभापति श्री यशोदा गुरुङ्ग (सुवेदी) ले "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६६" सम्बन्धी समितिको प्रतिवेदन सहितको विधेयक पेश गर्नुभयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त छलफलमा मा० श्री खिमलाल देवकोटा र मा० श्री गोपाल ठाकुरले भाग लिनुभयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको क्रमसंख्या ४ को (क) र (ख) मा रहेको कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले २०६३ सालको व्यवस्थापिका-संसदका मा० सदस्य श्रीमती आनन्दीदेवी सिंहको असामयिक दुखद निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव सभाको सहमतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"व्यवस्थापिका-संसदको यो बैठक नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का संस्थापक राष्ट्रिय अध्यक्ष, नेपाल सद्भावना पार्टीका हालका मानार्थ अध्यक्ष एवं सप्तरी जिल्लाबाट २०६३ सालको व्यवस्थापिका-संसदमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को तर्फबाट माननीय सदस्यमा मनोनित श्रीमती आनन्दीदेवी सिंहको यहि २०६७ साल फागुन ३० गते अपरान्ह १२:४५ बजे उहाँकै निवास सप्तरी सेवा आश्रम राजविराजमा ७६ वर्षको उमेरमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले स्वर्गीय आनन्दीदेवी सिंहको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६७ फागुन १६ गते सोमवार बसेको एकसय सातौं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको एकसय आठौं बैठक मिति २०६७ चैत्र ३ गते विहिवार बसेको व्यवस्थापिका-संसदको बैठक अन्त्य भएको १५ मिनेट पछि यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल चैत्र ९ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - २३

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र ९ गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखबाट अनुमति लिएर बोल्नुहुँदै मा० श्री कमला पन्तले विधिसम्मत रुपमा संचालक समितिको निर्णयबाट नियुक्त हुनुभएका भरतपुर क्यान्सर अस्पतालका नव नियुक्त निर्देशकलाई तत्कालिन निर्देशक डा० भक्तमान श्रेष्ठ पक्षधरले हाजिर गर्न नदिएको, यस सम्बन्धमा आफुले अघिल्लो बैठकमा पनि कुरा उठाएको तर्फ इंगित गर्नुहुँदै सरकारबाट यसको स्पष्ट जवाफ आउनु पर्ने भनि सरकारको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले भरतपुर क्यान्सर अस्पतालका सम्बन्धमा पहिले पनि सदनमा कुरा उठाइएको तर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै यस सम्बन्धमा वारम्वार सदनमा कुरा उठेकोले सो सम्बन्धमा आगामी बैठकमा जानकारी दिन सरकारलाई निर्देशन दिनुभयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विन्दा पाण्डे
२. मा० श्री विनोद पहाडि
३. मा० श्री मालामति देवी राना
४. मा० श्री मिना पुन
५. मा० श्री मुन्नीकुमारी गुप्ता
६. मा० श्री मोहमद्दि सिद्दिकी
७. मा० श्री मंगल वि.क.
८. मा० श्री रत्न गुरुङ्ग
९. मा० श्री रमा गुरागाई
१०. मा० श्री राजकुमार राई
११. मा० श्री राजकुमार लिम्बु (नाल्वो)
१२. मा० श्री राजबहादुर बुढा क्षेत्री
१३. मा० श्री राजलाल यादव
१४. मा० श्री राधववीर जोशी

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री खिमलाल देवकोटा
२. मा० श्री पुरुषोत्तम बस्नेत
३. मा० श्री छविलाल विश्वकर्मा
४. मा० श्री सर्वदेवप्रसाद ओझा
५. मा० श्री रामसहायप्रसाद यादव
६. मा० श्री लक्ष्मणलाल कर्ण
७. मा० श्री अलाउदिन अन्सारी
८. मा० श्री नवराज कोइराला
९. मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङजा)
१०. मा० श्री प्रकाशचन्द्र लोहनी
११. मा० श्री सरिता गिरी
१२. मा० श्री परि थापा
१३. मा० श्री लक्ष्मीलाल चौधरी
१४. मा० श्री धर्मशिला चापागाई
१५. मा० श्री रामकृष्ण चित्रकार
१६. मा० श्री हर्कबहादुर सिंह

त्यसपछि मा० उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री श्री भरतमोहन अधिकारीले मुलुकमा उर्जा संकटकालको घोषणा गर्नुहुँदै विद्यमान ऊर्जा संकट समस्या समाधान सम्बन्धी साढे चार वर्षे कार्ययोजना सहितको विस्तृत जानकारी बैठकलाई गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०६७।१२।३ मा प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र ४० बमोजिम सम्माननीय प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा गठित मौजुदा मन्त्रिपरिषद्मा देहायबमोजिम कार्यविभाजन, हेरफेर र थप गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री भरतमोहन अधिकारी | उपप्रधानमन्त्री | अर्थ, ऊर्जा, सिंचाई र वाणिज्य तथा आपूर्ति । |
| २. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | रक्षा, सामान्य प्रशासन, वन तथा भू-संरक्षण र वातावरण । |
| ३. | श्री गंगालाल तुलाधर | मन्त्री | शिक्षा, स्थानीय विकास, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति र विज्ञान तथा प्रविधि । |

तदुपरान्त सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको क्रमसंख्या २ र ३ को कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल चैत्र १३ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

## बैठक संख्या - २४

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र १३ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखबाट अनुमति लिएर बोल्नुहुँदै मा० श्री लक्ष्मणप्रसाद घिमिरेले हालै सरकारवाट गठित आयल निगम सम्बन्धी एक उच्चस्तरीय समितिमा स्वयं आफुलाई कुनै जानकारी नदिई वा आफूसंग कुनै स्वीकृति नलिई सरकारको तर्फबाट सदस्यमा मनोनित गरिएको समाचार संचार माध्यमबाट थाहा पाउनु कहांसम्म न्यायसंगत हो भन्नुहुँदै सरकारको उक्त गैर जिम्मेवार कृयाकलापको भत्सर्ना गर्दछु भन्नुभयो । यसैगरी मा० श्री ववन सिंहले मधेशवादी दलहरु भारतीयहरुको इशारामा चलिरहेको र शान्तिको कुरा गर्दै हत्या, आतंक र लुट मच्चाउदै हिंडने गरेका छन् भन्नुभयो, साथै मा० श्री विश्वेन्द्र पासवानले २०६८ सालको जनगणनाको लागि जातजातिको स्पष्ट पहिचान नहुने गरी फारामको डिजाइन तयार गरिएकोमा आपत्ति जनाउनु भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा कानुन तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले भरतपुर क्यान्सर अस्पतालमा नयां निर्देशक नियुक्ति विवादको वारेमा स्पष्ट पार्नुहुँदै अस्पताल संचालक समितिलाईनै सम्बन्धित अस्पतालको निर्देशक चयन गर्ने अधिकार रहेकोले तत्कालको लागि दुवै जना निर्देशकलाई हाजिर नगराई अस्पतालकै उप निर्देशकलाई अस्पताल संचालनको जिम्मा दिने प्रकृया अगाडि बढाइएको सम्बन्धमा जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अग्नीप्रसाद सापकोटा
२. मा० श्री अजयकुमार द्विवेदी
३. मा० श्री अमृता थापा मगर
४. मा० श्री आरजु राणा देउवा
५. मा० श्री इन्द्रमायाँ गुरुङ्ग
६. मा० श्री ईश्वरीप्रसाद दाहाल
७. मा० श्री एकराज भण्डारी
८. मा० श्री कमला रोक्का
९. मा० श्री कल्पना धमला
१०. मा० श्री कलावती देवी दुसाध
११. मा० श्री कुमार राई
१२. मा० श्री कुलप्रसाद नेपाल
१३. मा० श्री केशवप्रसाद नेपाल
१४. मा० श्री कृष्णकुमारी परियार
१५. मा० श्री खिमलाल देवकोटा

त्यसपछि मा० उपप्रधानमन्त्री, अर्थ र वाणिज्य तथा आपूर्ति मन्त्री श्री भरतमोहन अधिकारीले १० लाख अमेरिकी डलर वरावरको रकम स्टाण्डर चार्टर्ड बैंकमार्फत नेपाल राष्ट्रबैंकको खाताबाट झिकिएको सम्बन्धमा र इन्धनको अन्तर्राष्ट्रिय मुल्य बृद्धि भई हाल प्रतिव्यारेल १ सय १६ डलर पुगेकोले पेट्रोलियम पदार्थको आपुर्ति सहज बनाउन नेपाल आयल निगमलाई चैत्र महिनामा मात्र १ अर्व ५० करोड अनुदान दिनुपर्ने अवस्था आएको सम्बन्धमा बैठकलाई जानकारी गराउनु भयो ।

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री चन्द्रप्रसाद गजुरेल
२. मा० श्री रामशरण महत
३. मा० श्री रामनाथ ढकाल
४. मा० श्री तिलकबहादुर रावल
५. मा० श्री अभिषेकप्रताप साह
६. मा० श्री प्रतिभा राणा
७. मा० श्री सुनिलबाबु पन्त
८. मा० श्री जग्यबहादुर शाही
९. मा० श्री प्रकाशचन्द्र लोहनी
१०. मा० श्री बुद्धरत्न मानन्धर
११. मा० श्री परि थापा
१२. मा० श्री दिलबहादुर घिसिङ्ग
१३. मा० श्री शम्भु हजरा दुसाध
१४. मा० श्री विनोदकुमार चौधरी

तत्पश्चात उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा कानुन तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले "विधायन समितिको प्रतिवेदन सहितको न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधायन समितिको प्रतिवेदन सहितको "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६६" माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुसांगिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६६" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ मा उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ मा उल्लेखित संशोधन "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६६" को दफा २ देखि ५ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा कानुन तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर वैठक २०६७ साल चैत्र १६ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

## बैठक संख्या - २५

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र १६ गते बुधवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखबाट अनुमति लिएर बोल्नुहुँदै मा० श्री लक्ष्मणप्रसाद घिमिरेले अर्थ सचिवको राजीनामा, देशको बिग्रदो शान्ति सुरक्षा र वि.पि. कोइराला मेमोरियल भरतपुर क्यान्सर अस्पतालका कार्यकारी प्रमुखको नियुक्तिको विषयमा प्रधानमन्त्रीले स्पष्ट जवाफ नदिएसम्म बैठकको नियमित कारवाही अगाडि नबढाइयोस् भनी आफ्नो धारणा राख्नुभयो ।

तत्पश्चात् निम्नलिखित मा० सदस्यहरुले अर्थ सचिव श्री रामेश्वर खनालको राजीनामा प्रकरणको वास्तविकता बुझेर सदनलाई जानकारी दिनुपर्ने, निजलाई अनुचित दवाव दिएर काम लगाउन खोजेको सत्य हो भने सरकारले तस्करहरुलाई संरक्षण गरिरहेको पुष्टि हुनजान्छ भन्ने सम्बन्धमा, देशको अर्थतन्त्रलाई प्रभावित पार्ने कार्य कुनै पनि पक्षबाट हुन दिन नहुने भन्ने सम्बन्धमा, सदभावना पार्टी (आ) बाट निष्कासित सभासदलाई सर्वोच्च अदालतको फैसला बमोजिम निष्काशन नगरिएको भन्ने सम्बन्धमा, तराईका जिल्लाहरुमा घटिरहेको श्रृंखलाबद्ध बम विष्फोटको घटनाले राष्ट्रियता र जनधनको सुरक्षामाथि प्रश्न उठाएको भन्ने सम्बन्धमा, तराईबाट संविधानसभामा प्रतिनिधित्व गर्ने केही नेताहरु भारत भ्रमणबाट फर्किएपछि वम विष्फोटको घटना भएको भन्ने आरोपको खण्डन गर्दै यसबाट आफूहरु दुःखित भएको भन्ने सम्बन्धमा र म्यानपावर कम्पनीले मानव वेचविखन र दलाली गरिरहेको छ भन्ने सम्बन्धमा समेत आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री सरिता गिरी
२. मा० श्री परी थापा
३. मा० श्री रवीन्द्र अधिकारी
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री लीला न्याईच्याई
६. मा० श्री चन्दन शाह
७. मा० श्री सन्तबहादुर नेपाली
८. मा० श्री सुनिलबाबु पन्त
९. मा० श्री विश्वेन्द्र पासवान
१०. मा० श्री रामजनम चौधरी
११. मा० श्री लेखराज भट्ट
१२. मा० श्री अर्जुन राई
१३. मा० श्री दालकुमारी सुनवार
१४. मा० श्री सुरिता कुमारी शाह
१५. मा० श्री जनककुमारी चालिसे

यसैबीच मा० श्री लीला न्याईच्याईले बोलिसकेपछि सम्माननीय सभामुखले सून्य र विशेष समय समेत पर्खन नसक्ने अति महत्वपूर्ण र गम्भीर विषयको लागि मात्र यस्तो आकस्मिक समय दिइने प्रचलन रहेकोतर्फ माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले बैठकको कारवाही सून्य समयबाट अगाडि बढाउन खोज्नुहुंदा नेपाली कांग्रेसका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो स्थानबाट उठनु भएपछि सम्माननीय सभामुखबाट अनुमति लिएर मा० श्री लक्ष्मणप्रसाद घिमिरेले वि.पि. कोइराला मेमोरियल भरतपुर क्यान्सर अस्पतालको निर्देशकको विवाद सम्बन्धी विषय, अर्थ मन्त्रालयका सचिवको राजीनामा प्रकरणको विषयमा उठेका विवादको विषय, र तराईका विभिन्न स्थानमा सार्वजनिक सवारी साधनहरुमाथि भएका श्रृंखलाबद्ध बम विष्फोटका घटनाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले सदनमा उपस्थित भई स्पष्ट नगरिएसम्म सदन अगाडि बढन सक्दैन भन्नुभयो ।

तदुपरान्त नेपाली कांग्रेसका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो स्थानमा उठि नै रहनु भएकोले सम्माननीय सभामुखले बैठकमा प्रतिपक्षमा रहनुभएका माननीय सदस्यहरु उठिरहंदा बैठकको कारवाही अगाडि बढाउन उचित नहुने व्यहोरा जानकारी गराउनु हुंदै आजको दैनिक कार्यसूचीमा रहेका कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल चैत्र १८ गते शुक्रवार दिनको ३:३० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

नवौं अधिवेशन

## बैठक संख्या - २६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र १८ गते शुक्रवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखबाट अनुमति लिएर बोल्नुहुँदै मा० श्री रामशरण महतले देशमा सुशासन स्थापित हुन नसकेको, औद्योगिक प्रतिष्ठानमाथि आक्रमण नरोकिएको, अर्थ सचिव माथी मानसिक आघात पर्न गएको कारण उहाँ राजीनामा गर्न बाध्य हुनुभएको, नक्कली भ्याटविल प्रकरणलाई कानूनी ढंगले मिलाउन र कर छलि गर्नेहरुलाई धेरै जरिवाना नहोस भन्ने उद्देश्यसाथ पूरक वजेट ल्याउने तयारी गरिएको आरोप लगाउनु हुँदै वजेट कार्यान्वयनलाई प्रोत्साहित गर्नुको सट्टा वजेट तयारीका लागि मन्त्रालयहरुसंग वचत रकमको जानकारी माग गर्नुलाई आर्थिक अपराधको संज्ञा दिनु भयो । त्यस्तै उहाले पूरक वजेट प्रतिपक्षीको सहमतिविना ल्याउन पाइदैन भनि जिकिर गर्नु भयो साथै उहाले सरकारले विभिन्न मन्त्रालयलाई वचत रकमवारे जानकारी मागिएको नौ बुँदे पत्रमा उल्लिखित बुँदाप्रति कडा आपत्ति जनाउनु हुँदै अन्य विविध विषयमा आफ्नो धारणा राख्नुभयो ।

तदुपरान्त मा० श्री लक्ष्मणप्रसाद घिमिरेले वि.पि. कोइराला मेमोरियल भरतपुर क्यान्सर अस्पतालका कार्यकारी प्रमुखको नियुक्ति, राजस्व छली गर्ने क्यासिनोलाई छुट दिने भन्ने सम्बन्धी विषय, अर्थ सचिवको राजीनामा, पुरक बजेट, नक्कली भ्याट वील र युनिटिलाई संचालन गर्न दिने जस्ता विषयहरुमा सम्माननीय प्रधानमन्त्रीबाट सदनलाई स्पष्ट जवाफ नदिएसम्म बैठकको कारवाही अगाडि बढाउन नसकिने भन्नुभएपछि नेपाली काँग्रेसका उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो स्थानमा उठ्नुभयो । यसै वीच ने. कां. का मा० श्री गोपालमान श्रेष्ठले यस्तो विषेश परिस्थितिमा पनि प्रधानमन्त्री हेलिकोप्टर लिएर कार्यकर्ता भेट्न गएको आरोप लगाउदै यस्तो अवस्थामा सदनको कारवाही अगाडी बढ्न नसक्ने भन्नु भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले र अन्य केही मा० सदस्यले पनि बोल्न समय माग गर्नुभएको छ भनी सम्माननीय सभामुखले उहाँहरुलाई बारम्बार समय दिन खोज्नुहुँदा सम्माननीय प्रधानमन्त्रीबाट सदनलाई स्पष्ट जवाफ नदिएसम्म सदनको नियमित कारवाही अगाडि बढ्न नसक्ने तर्फ इंगित गर्दै नेपाली काँग्रेसका उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो स्थानमा उठ्नु भएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले आ-आफ्नो स्थान ग्रहण नगरि उठिरहनु भनेको अवरोधको अवस्था नै हुने भएकोले यस अवस्थामा बैठकको कारवाही अगाडि बढाउन उचित नहुने व्यहोरा जानकारी गराउनु हुँदै आजको दैनिक कार्यसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६७ साल चैत्र २१ गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - २७
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र २१ गते सोमवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखसंग अनुमति लिएर सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनालले सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुहुँदै अर्थ सचिवले दिनुभएको स्वेच्छिक राजीनामाको विषयलाई राजनीतिक बहसको विषय नबनाउन आग्रह गर्नुभयो । साथै वहाले वास्तविकता विपरित नक्कली भ्याट विल र पुरक बजेट जस्ता कुराहरुसँग अर्थ सचिवको राजीनामा जोडेर उक्त विषयलाई अतिरञ्जित गर्नुपनि दुर्भाग्यपूर्ण रहेको, नक्कली भ्याट वीलका कारोवारी, युनिटी प्रकरणका दोषी र कर नतिर्ने क्यासिनो व्यावसायीलाई सरकारले छुट नदिने, दलहरुले दिएका सुझावको आधारमा अर्थ मन्त्रालयले नै बजेट निर्माण गर्नेतर्फ जोड दिनुहुदै सरकारले न्यूनतम साझा कार्यक्रम र सबै राजनीतिक दलको सुझावका आधारमा बजेट ल्याउने तयारी गरिरहेको जानकारी गराउनु भयो । उहाँले शान्ति सुरक्षामा खलल पुऱ्याउन चाहने लाई सरकारले कडा कारवाही गर्ने, ऊर्जा संकट राष्ट्रिय समस्या भएकोले राजनीतिक दल र नागरिक समाजसँग मिली समस्या समाधान गर्ने, विश्व बजारमा पेट्रोलियम पदार्थमा भएको मूल्यको उतार चढावले गर्दा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुन गएको र संविधान समयमा नै निर्माण गर्न ऐतिहासिक जनआन्दोलनका सहयात्री शक्ति र लोकतान्त्रिक गणतन्त्र पक्षधर बीच एकता, सहकार्य र सहमतिको खाँचो रहेको छ भन्नुभयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले अर्थ मन्त्रालयद्वारा बजेट बचतका सम्बन्धमा मन्त्रालयहरुलाई जारी गरिएको ९ बुँदे परिपत्रको बारेमा स्पष्टिकरण दिनुहुँदै धेरै मन्त्रालयले सो बारेमा बजेट बचत नहुने जानकारी पठाइसकेको र कतिपयले थप बजेट समेत माग गरेको, नक्कली भ्याट वीलका कारोवारीलाई ऐन बनाएर खुकुलो बनाउने हल्ला निराधार भएको, राजश्व छली गर्ने कारोवारीलाई सहुलियत होइन अझ कठोर कारवाहीको व्यवस्था गर्ने र सम्माननीय सभामुखको अनुमति भए छानविनमा रहेका कारोवारीको विवरण व्यवस्थापिका-संसदमा पेश गर्न समेत तयार छु भन्नुभयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री चन्द्रिकाप्रसाद यादव
२. मा० श्री जग्यबहादुर शाही
३. मा० श्री जिपछिरिङ लामा शेर्पा
४. मा० श्री टसी स्याङमो गुरुङ्गसेनी
५. म० श्री दिलीप महर्जन

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री रिजवान अन्सारी
३. मा० श्री लीला न्याइँच्याइँ
४. मा० श्री रुकमिणी चौधरी
५. मा० श्री विश्वेन्द्र पासवान
६. मा० श्री केशवप्रसाद मैनाली
७. मा० श्री सदरुल मिया हक
८. मा० श्री अमरबहादुर गुरुङ्ग तमु

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट मिति २०६७।१२।१५ मा प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति डा० रामवरण यादवबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८७ बमोजिम प्रमाणिकरण भएको देहाय बमोजिमको ऐनको प्रमाणिकृत प्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | ऐन नं. | विवरण | प्रमाणिकरण मिति |
|---|---|---|---|
| १. | ९ | न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ | २०६७/१२/१५/३ |

त्यसपछि विकास समितिका सभापति श्री जितेन्द्रप्रसाद सोनारले "ह्योल्मो मेलम्ची खानेपानी परियोजना स्थलगत निरीक्षण प्रतिवेदन, २०६७" सदन समक्ष पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले "विधायन समितिको प्रतिवेदन सहितको लगानी वोर्ड विधेयक, २०६५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले उक्त विधायन समितिको प्रतिवेदन सहितको "लगानी वोर्ड विधेयक, २०६५" माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुसांगिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि उक्त छलफलमा मा० श्री सुनिल प्रजापतिले भाग लिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० शिक्षा मन्त्री श्री गंगालाल तुलाधरले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "लगानी वोर्ड विधेयक, २०६५" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री सुनिल प्रजापतिले नियमापत्ति गर्नुहुँदै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५३ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न संविधानसभाको एक चौथाई सदस्य उपस्थित हुनुपर्ने प्रावधान रहेको र हाल उक्त गणपुरक संख्या नपुग भएकोले यो प्रस्तावलाई निर्णयार्थ पेश गर्न मिल्दैन भन्नुभएपछि सम्माननीय सभामुखले गणपुरक संख्या यकिन गर्न सचिवालयलाई निर्देशन दिनुहुँदा गणपुरक संख्या नपुग भएकोले सम्माननीय सभामुखले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५३ बमोजिमको कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न संविधानसभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्नेमा हाल यो प्रस्ताव निर्णयार्थ पेश गर्न उक्त गणपुरक संख्या नपुग देखिएकोले बैठक २०६७ साल चैत्र २३ गते दिनको ३.०० वजे बस्नेगरि स्थगित गर्नुभयो ।

तदनन्तर वैठक २०६७ साल चैत्र २३ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - २८
## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र २३ गते बुधवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखसंग अनुमति लिएर निम्नलिखित मा० सदस्यहरुले निर्वाचन आयोगले मतदाता परिचय पत्रको लागि नागरिकता प्रमाणपत्र अनिवार्य गर्नाले तराईमा स्थायी बसोबास गर्ने धेरै नागरिकता विहिन नेपाली नागरिकहरु मतदाता परिचय पत्र बनाउन बाट छुटिरहेको सम्बन्धमा, मधेश आन्दोलनको बदनाम गर्न तराईमा गैरन्यायिक हत्याको श्रृंखला बढ्दा पनि गृह मन्त्रालय मौन रहेको सम्बन्धमा, मतदाता नामावली अद्यावधिक गर्दा पुरानो मतदाता नामावलीलाई आधार नमानिएको सम्बन्धमा, नेपाल सरकार र आदिवासी, दलित, जनजाति र पिछडावर्ग बीच भएको सम्झौता कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा, लोक सेवा आयोगद्वारा लिइने परिक्षामा दलितका लागि छुट्याइएको कोटाहरुमा सम्बन्धित वर्गले न्यूनतम अंक नल्याएको भनी कोटा खारेज गरेर अन्यमा लगी भेदभाव गर्ने गरिएको सम्बन्धमा, संघीय गणतान्त्रिक मंच र ७ दलबीच भएको सम्झौता कार्यान्वयन गर्नुपर्ने लगायत विविध विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो ।

१. मा० श्री हृदयेश त्रिपाठी
२. मा० श्री लक्ष्मणलाल कर्ण
३. मा० श्री विश्वेन्द्र पासवान
४. मा० श्री रुकमिणी चौधरी
५. मा० श्री सदरुल मिया हक

त्यसपछि सम्माननीय सभामुखले व्यवस्थापिका-संसदको बैठकहरुमा आफ्नो भनाई राख्दा सभासँग सम्बन्धित विषयहरु मात्र उठाउन मा० सदस्यहरुलाई निर्देश गर्नुभयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बादशाह कुर्मि
२. मा० श्री भिमप्रसाद गौतम
३. मा० श्री मंगलसिद्धि मानन्धर
४. मा० श्री यशोदा गुरुङ्ग (सुवेदी)
५. मा० श्री यामलाल कंडेल
६. मा० श्री रविन्द्रप्रसाद अधिकारी
७. मा० श्री राजकुमार राई

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लोकेन्द्र विष्ट मगर
२. मा० श्री मो. अफताब आलम
३. मा० श्री पद्मा कुमारी अर्याल
४. मा० श्री अभिषेकप्रताप साह
५. मा० श्री अलाउदिन अन्सारी
६. मा० श्री नवराज कोइराला
७. मा० श्री चित्रबहादुर के.सी.
८. मा० श्री सत्य पहाडि
९. मा० श्री खड्गबहादुर बस्याल (सार्की)
१०. मा० श्री दिपक कार्की

त्यसपछि विधायन समितिका मा० सभापति श्री यशोदा गुरुङ्ग (सुवेदी) ले "मेलमिलापको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०६७" सदन समक्ष पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले तत्कालिन प्रतिनिधिसभामा निर्वाचित मा० सदस्य श्री कृष्णबहादुर गुरुङको असामयिक दुखद निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव सभाको सहमतिको लागि प्रस्तुत गर्नुहुँदा सभाले पारित गऱ्यो ।

### शोक प्रस्ताव

"व्यवस्थापिका-संसदको यो बैठक २०५१ सालको आम निर्वाचनमा कास्की जिल्लाको तत्कालिन क्षेत्र नं. ३ बाट नेपाली कांग्रेस पार्टीका तर्फबाट प्रतिनिधिसभामा निर्वाचित पूर्व मा० सदस्य श्री कृष्णबहादुर गुरुङको ७० वर्षको उमेरमा हृदयाघातबाट मिति २०६७ साल चैत्र २१ गते सोमवारका दिन असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले स्वर्गीय कृष्णबहादुर गुरुङको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर वैठक २०६७ साल चैत्र २८ गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - २९
## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल चैत्र २८ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखसंग अनुमति लिएर मा० श्री रामशरण महतले देशमा शान्ति सुरक्षाको स्थिति खस्कँदै गएको, चितवनको जुटपानी क्षेत्रमा युवाहरुले मैत्रीपूर्ण फुटबल खेल खेल्नको लागि परम्परादेखि प्रयोग गर्दै आइरहेको खेलमैदान सफाई गर्ने क्रममा शक्तिखोर शिविरका लडाकुहरुले विशेष समितिको निर्देशिकामा रहेको आचारसंहिता विपरित अवरोध खडा गरी आक्रमण गरेकोले उक्त कार्यको निन्दा गर्दै यसमा सरकारको के धारणा रहेको छ, स्पष्ट पारियोस् भनी माग गर्नुभयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री गमबहादुर श्रीश मगर
२. मा० श्री गुणाखर बस्याल
३. मा० श्री गोकर्ण राई
४. मा० श्री गोपालसिंह बोहरा
५. मा० श्री गोविन्द नेपाली
६. मा० श्री गोविन्द पौडेल
७. मा० श्री चन्द्रिराम टमटा
८. मा० श्री जयराम दाहाल
९. मा० श्री जिवनप्रेम श्रेष्ठ
१०. मा० श्री तिर्थराम डंगोल
११. मा० श्री दलबहादुर राना
१२. मा० श्री दिलिप महर्जन

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री नन्दकुमार प्रसाई
२. मा० श्री नविन्द्रराज जोशी
३. मा० श्री विजयकुमार पौडेल
४. मा० श्री हेमराज तातेड
५. मा० श्री राजलाल यादव
६. मा० श्री चलनबहादुर तामाङ्ग
७. मा० श्री रुकमिणी चौधरी
८. मा० श्री चन्द्रदेव जोशी
९. मा० श्री नवराज कोइराला
१०. मा० श्री रश्मिराज नेपाली
११. मा० श्री गायत्री साह
१२. मा० श्री विश्वेन्द्र पासवान
१३. मा० श्री बुद्धरत्न मानन्धर
१४. मा० श्री सदरुल मिया हक
१५. मा० श्री रमा गुरागाई
१६. मा० श्री मोहमद्दि सिद्दिकी

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको क्रमसंख्या १ को (क) देखि (घ) सम्मको कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री कृष्णबहादुर महराले "विधायन समितिको प्रतिवेदन सहितको सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त "विधायन समितिको प्रतिवेदन सहितको सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६६ माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुसांगिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६६" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरु "सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६६" को दफा २ देखि २५ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री कृष्णबहादुर महराले "सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री एवं कानून तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले "विधायन समितिको प्रतिवेदन सहितको मेलमिलाप सम्बन्धी विधेयक, २०६६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधायन समितिको प्रतिवेदन सहितको मेलमिलाप सम्बन्धी विधेयक, २०६६ माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुसांगिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "मेलमिलाप सम्बन्धी विधेयक, २०६६" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १३ सम्म उल्लेखित संशोधनहरु मेलमिलाप सम्बन्धी विधेयक, २०६६ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "मेलमिलाप सम्बन्धी विधेयक, २०६६" को दफा २ देखि ४७ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "मेलमिलाप सम्बन्धी विधेयक, २०६७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा कानून तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले "मेलमिलाप सम्बन्धी विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर वैठक २०६८ साल वैशाख ४ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद

## नवौं अधिवेशन

## बैठक संख्या - ३०

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६८ साल वैशाख ४ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखसँग अनुमति लिएर मा० श्री दीपकुमार उपाध्याय (लामिछाने) ले व्यवस्थापिका-संसदको बैठक चालू रहेको अवस्थामा पनि मा० अर्थ मन्त्रीले देशको आर्थिक नीति समावेश भएको श्वेत पत्र एकतर्फी रुपमा सदनलाई जानकारी नदिई ल्याउनु भएकोमा आपत्ति प्रकट गर्नुभयो । यसैगरी मा० श्री विश्वेन्द्र पासवान र मा० श्री रुकमिणी चौधरीले आफूहरुको माग बमोजिम आजको दैनिक कार्यसूचीमा केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक समावेश नगरिएकोमा आपत्ति जनाउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुको माग बमोजिम नै आजको दैनिक कार्यसूचीमा राष्ट्रिय दलित अधिकार आयोग विधेयक समावेश गरिएको जानकारी गराउनु भयो । साथै केही सार्वजनिक सेवालाई समावेशी बनाउने विधेयक ल्याउने विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अजयकुमार द्विवेदी
२. मा० श्री अभिषेकप्रताप साह
३. मा० श्री अमिलाल भ्फागड
४. मा० श्री आशाकुमारी सरदार
५. मा० श्री एकराज भण्डारी
६. मा० श्री कल्पना धमला
७. मा० श्री कलावती देवी दुसाध
८. मा० श्री कुलप्रसाद नेपाल
९. मा० श्री केशवप्रसाद नेपाल
१०. मा० श्री खिमलाल देवकोटा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री तिलक परियार
२. मा० श्री अर्जुनप्रसाद जोशी
३. मा० श्री मंगलसिद्धि मानन्धर
४. मा० श्री करिमा बेगम
५. मा० श्री श्रवणकुमार अग्रवाल
६. मा० श्री अलाउदिन अन्सारी
७. मा० श्री जनककुमारी चालिसे
८. मा० श्री सुनिलबाबु पन्त
९. मा० श्री नवराज कोइराला
१०. मा० श्री कुन्तीकुमारी शाही
११. मा० श्री रश्मीराज नेपाली
१२. मा० श्री प्रकाशचन्द्र लोहनी
१३. मा० श्री परि थापा
१४. मा० श्री बुद्धरत्न मानन्धर
१५. मा० श्री रुकमिणी चौधरी
१६. मा० श्री सदरुल मिया हक
१७. मा० श्री विश्वेन्द्र पासवान
१८. मा० श्री ज्वालाकुमारी साह
१९. मा० श्री निर्मला प्रसाई
२०. मा० श्री शेरबहादुर कुँवर
२१. मा० श्री कृष्णाकुमारी परियार

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०६७।१२।२८ मा प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८, ३९ र ४० बमोजिम सम्माननीय प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा गठित मौजुदा मन्त्रिपरिषद्मा २०६७ साल चैत २८ मा भएको नियुक्ति, हेरफेर र कार्यविभाजन अनुसार देहाय बमोजिमको मन्त्रिपरिषद् कायम रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री झलनाथ खनाल | प्रधानमन्त्री | उद्योग, कृषि तथा सहकारी, गृह, परराष्ट्र । |
| २. | श्री भरतमोहन अधिकारी | उपप्रधानमन्त्री | अर्थ र वाणिज्य तथा आपूर्ति । |
| ३. | श्री कृष्णबहादुर महरा | उपप्रधानमन्त्री | सूचना तथा संचार, कानुन तथा न्याय, भूमिसुधार तथा व्यवस्था र स्वास्थ्य तथा जनसंख्या । |
| ४. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | रक्षा र वातावरण । |
| ५. | श्री टोपबहादुर रायमाझी | मन्त्री | भौतिक योजना तथा निर्माण र श्रम तथा यातायात व्यवस्था । |
| ६. | श्री वर्षमान पुन | मन्त्री | शान्ति तथा पुनर्निर्माण र युवा तथा खेलकूद । |
| ७. | श्री खड्गबहादुर विश्वकर्मा | मन्त्री | पर्यटन तथा नागरिक उड्डयन र महिला, बालबालिका तथा समाज कल्याण । |

| | | | |
|---|---|---|---|
| ८. | श्रीमती उर्मिला अर्याल | मन्त्री | स्थानीय विकास । |
| ९. | श्री गंगालाल तुलाधर | मन्त्री | शिक्षा, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति र विज्ञान तथा प्रविधि । |
| १०. | श्री रघुवीर महासेठ | मन्त्री | सिंचाई । |
| ११. | श्री गोकर्ण विष्ट | मन्त्री | ऊर्जा । |
| १२. | श्री भानुभक्त जोशी | मन्त्री | वन तथा भू-संरक्षण । |
| १३. | श्री युवराज कार्की | मन्त्री | सामान्य प्रशासन । |
| १४. | श्रीमती राधा ज्ञवाली | राज्यमन्त्री | शिक्षा । |
| १५. | श्री शत्रुधन महतो | राज्यमन्त्री | स्थानीय विकास । |
| १६. | श्री दलबहादुर सुनार | राज्यमन्त्री | सिंचाई । |
| १७. | श्री रामजी शर्मा | राज्यमन्त्री | उर्जा । |
| १८. | श्री डम्बर सम्वाहाम्फे | राज्यमन्त्री | सामान्य प्रशासन । |
| १९. | श्रीमती भगवती चौधरी | राज्यमन्त्री | वन तथा भू-संरक्षण । |
| २०. | डा० श्री ल्हारक्याल लामा | राज्यमन्त्री | अर्थ । |

तदुपरान्त मा० उपप्रधानमन्त्री एवं कानून तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले "देवानी संहिता विधेयक, २०६७" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री एवं कानून तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले "देवानी संहिता विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री एवं कानून तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले "देवानी कार्यविधि संहिता विधेयक, २०६७" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री एवं कानून तथा न्याय मन्त्री श्री कृष्णबहादुर महराले "देवानी कार्यविधि संहिता विधेयक, २०६७" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० स्थानीय विकास मन्त्री श्रीमती उर्मिला अर्यालले "राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि "राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रकाशचन्द्र लोहनी
२. मा० श्री पद्मलाल विश्वकर्मा
३. मा० श्री परशुराम रम्तेल
४. मा० श्री विनोद पहाडि
५. मा० श्री खड्गबहादुर बस्याल (सार्की)
६. मा० श्री पुरनसिंह दयाल
७. मा० श्री शम्भु हजरा दुसाध
८. मा० श्री कुन्तीकुमारी शाही
९. मा० श्री दुर्गा परियार

तत्पश्चात मा० स्थानीय विकास मन्त्री श्रीमती उर्मिला अर्यालले उक्त छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६७ चैत्र ३ गते विहिवार बसेको एकसय आठौं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको एकसय नवौं बैठक आजको व्यवस्थापिका-संसदको बैठक समाप्त भएको १५ मिनेट पछि यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर वैठक २०६८ साल वैशाख ६ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - ३१
## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६८ साल वैशाख ६ गते मंगलवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखको अनुमति लिएर बोल्नुहुँदै मा० श्री रुकमिणी चौधरीले आफूहरुले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदन समक्ष छलफलमा ल्याउन माग गरिएकोमा आज चौध दिन वितिसक्दा पनि छलफलमा नल्याइएको, दलित, मुस्लिम, आदिवासी-जनजाति, पिछडा वर्ग, थारु समुदाय लगायतको तर्फबाट गरिएका सम्झौताहरु लागू नभएकोले उक्त मागहरु पूरा नहुन्जेल बैठकको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि संघीय लोकतान्त्रिक राष्ट्रिय मंचकी सदस्य मा० श्री रुकमिणी चौधरी, दलित जनजाति पार्टीका सदस्य मा० श्री विश्वेन्द्र पासवान, नेपाः राष्ट्रिय पार्टीका सदस्य मा० श्री बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य मा० श्री सदरुल मिया हक सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको माग सदनलाई जानकारी भैसकेको, सदनको कार्यसूचीमा महत्वपूर्ण कार्यक्रमहरु रहेको, साथै सदनको प्रक्रिया अवरुद्ध हुँदा मा० सदस्यहरुको माग पनि पूरा गर्न नसकिनेतर्फ मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु हुँदै मा० सदस्यहरुलाई बारम्बार आ-आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

तत्पश्चात पनि मा० सदस्यहरुबाट नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६८ साल वैशाख ९ गते शुक्रवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
## नवौं अधिवेशन
## बैठक संख्या - ३२
## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६८ साल वैशाख ९ गते शुक्रवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ सम्माननीय सभामुखको अनुमति लिएर बोल्नुहुँदै मा० श्री बुद्धरत्न मानन्धरले आफूहरुले संविधान बनाउने विषयमा विरोध गरेको नभई आफ्ना मागहरुलाई सरकार र सदनले वेवास्ता गरेको र आफ्ना मागहरुलाई ओझेलमा पार्न विभिन्न किसिमका वहानाहरु बनाइरहेकोमा हाम्रो विरोध रहेको हो भन्नुहुँदै उक्त मागहरु पूरा नहुन्जेल बैठकको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि संघीय लोकतान्त्रिक राष्ट्रिय मंचकी मा० सदस्य श्री रुकमिणी चौधरी, दलित जनजाति पार्टीका मा० सदस्य श्री विश्वेन्द्र पासवान, नेपाः राष्ट्रिय पार्टीका मा० सदस्य श्री बुद्धरत्न मानन्धर र स्वतन्त्र मा० सदस्य श्री सदरुल मिया हक सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरु लगाउन शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सदनको प्रक्रिया अवरुद्ध भैरहँदा मा० सदस्यहरुको माग पूरा गर्न सकिंदैन, माग पूरा गर्नको लागि सदनको नियमित कार्यक्रम अगाडि बढ्नु पर्नेतर्फ मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु हुँदै मा० सदस्यहरुलाई बारम्बार आ-आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि मा० सदस्यहरुबाट नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक १० मिनेट पछि पुनः बस्ने गरी स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १० मिनेट पछि पुनः बस्ने गरी स्थगित भयो ।

व्यवस्थापिका-संसदको आजको दश मिनेट पछि पुनः बस्ने गरी स्थगित भएको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा अपरान्ह ५:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ संघीय लोकतान्त्रिक राष्ट्रिय मंचकी सदस्य मा० श्री रुकमिणी चौधरी, दलित जनजाति पार्टीका सदस्य मा० श्री विश्वेन्द्र पासवान, नेपाः राष्ट्रिय पार्टीका सदस्य मा० श्री बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य मा० श्री सदरुल मिया हक सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले नारा लगाउने क्रममा "बहिरा सरकार" भन्ने शब्द अपाङ्गमैत्री नभएको भन्ने गुनासो अन्य मा० सदस्यहरुबाट आइरहेकोले नारा लगाउँदा त्यस्ता शब्दहरु प्रयोग नगर्न आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सदनको प्रक्रिया अवरुद्ध हुँदा मा० सदस्यहरुको माग पूरा गर्न नसकिनेतर्फ मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु हुँदै नारा लगाउने मा० सदस्यहरुलाई बारम्बार आ-आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि उल्लेखित मा० सदस्यहरुबाट नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको क्रमसंख्या १ देखि ४ सम्मको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको ९ वैशाख, २०६८ मा प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा व्यवस्थापिका-संसदको चालू अधिवेशन संवत २०६८ साल वैशाख ९ गते शुक्रवारका दिन २१:०० बजेदेखि अन्त गरको छु ।

तदनन्तर व्यवस्थापिका-संसदको चालु नवौं अधिवेशन आजै राती २१:०० बजेबाट स्वतः अन्त्य हुने गरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव